नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका | First Nepalese Newspaper in Japan | 日本初ネパール語の新聞

वर्ष ८, अंक १५, २०७३ जेठ ३-१८, मूल्य : १०० येन   Vol. 8, No. 15, May 16-31, 2016, Price : ¥ 100

४ | देशका लागि:
नेपालमा पर्यटन प्रबर्द्धनका लागि विश्वभर 'अतिथि देवो भव:' अभियान

७ | बढेको बढ्यौ:
जापानमा विदेशी विद्यार्थीको संख्या २०२० सम्म ३ लाख पुऱ्याउने लक्ष्य

८ | रुपाको कला:
जापानमा रहेर उद्घोषण र गायनमा क्यारियर बनाउँदै

Across · No.1 TRAVEL BY H.I.S.

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

CATHAY PACIFIC (NARITA)
¥40,000~ (ONE WAY)
¥62,000~ (2 MONTH FIX)
¥77,500~ (2 MONTH FIX OPEN)

MALAYSIAN AIRLINES (NARITA)
¥1,00,000~ (2 MONTH FIX OPEN)
¥85,000~ (1 MONTH FIX OPEN)
¥64,000~ (ONE WAY)
(FUEL SURCHARGE INCLUDED)

CATHAY PACIFIC (HANEDA)
¥44,000~ (ONE WAY)
¥67,000~ (2 MONTH FIX)
¥88,000~ (2 MONTH FIX OPEN)

ETIHAD AIRWAYS
¥55,000~ (35 DAYS FIX)

QATAR AIRWAYS (HANEDA)
¥47,200~ (35 DAYS FIX OPEN)

CHINA EASTERN AIRLINES
¥22,500~ (6 MONTH FIX OPEN)
¥20,300~ (ONE WAY)

AIR INDIA
¥61,000~ (1 MONTH FIX OPEN)
¥66,000~ (3 MONTH FIX OPEN)
¥42,000~ (ONE WAY)

CHINA SOUTHERN AIRLINES
¥68,300~ (3 MONTH FIX OPEN)
¥46,000~ (ONE WAY)

KOREAN AIRLINES
¥46,000~ (3 MONTH FIX OPEN)

THAI AIRWAYS
¥80,000~ (2 MONTH FIX)

SINGAPORE AIRLINES
¥80,000~ (1 MONTH FIX OPEN)

विस्तृत जानकारीको लागि
- Rikesh Maharjan -Juma Maharjan
080-4794-4065 (SoftBank) 03-6871-9261
Business Hour [Mon.-Fri.] 10:00-19:00 [Sat./Sun. national holiday] 11:00-18:00
"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"
his552d@his-world.com http://www.no1-travel.com

सच्चा कम्युनिष्टहरू

एक ढिक्का हुन जरूरी

देव गुरुङ
नेता, नेकपा माओवादी केन्द्र

❑ नेस डेस्क

काठमाडौं – करीब एक दर्जनको हाराहारीमा विभाजित भएका माओवादीहरु एकतामा बाँधिएका छन् र नेकपा माओवादी केन्द्र गठन भएको छ । विभाजित १० घटकले बनेको नेकपा माओवादी केन्द्रले अब छिट्टै नै सभा, भेला र संगठन विस्तारसहित एक वर्षभित्रमा महाधिवेशन गर्ने बताएको छ । तर, एकताको घोषणा गर्दैगर्दा केही माओवादी घटकहरु अझै छुट्टिएर बसेका छन् भने केही नयाँ शक्ति निर्माण गर्ने अभियानमा लागेका छन् । यस्तो अवस्थामा एकताको सन्देश, माओवादीको अबको यात्रा र यसले नेपाली राजनीतिमा पार्ने प्रभाव लगायतका बिषयमा केन्द्रित रहेर नेपाली समाचारका लागि **शिव श्रेष्ठ**ले नेकपा माओवादी केन्द्रका प्रभावशाली नेता देव गुरूङसँग गर्नुभएको कुराकानीको सम्पादित अंश:

टुक्रिएका माओवादीका १० घटकबीच भएको पार्टी एकता कस्तो रह्यो ?

समग्रमा कार्यक्रम सफल रह्यो । पार्टी एकताका लागि चालिएको अभियानले एउटा मूर्त रूप लियो र नेकपा माओवादी केन्द्र गठन भएको घोषणा गरियो ।

बाँकी पृष्ठ ६ मा

जापानले अब मल्टिपल भिसा दिने

❑ नेस संवाददाता

टोकियो – जापान सरकारद्वारा आगामी गृष्म ऋतु अघि नै मल्टिपल भिसाको ब्यवस्था गर्ने तयारी गरेको जिजी प्रेसले प्रकाशित गरेको छ । बिशेष गरी चिनिया पर्यटकहरूलाई आकर्षित गरी सन २०२० सम्ममा बार्षिक ४ करोड पर्यटक भित्र्याउने लक्ष्यका साथ यस्तो ब्यवस्था गर्न लागिएको सम्बन्धित श्रोतले जनाएको छ । जापानको पर्यटन प्रबर्धनको लागि तयार पारिएको कार्ययोजनामा भिसा सम्बन्धी सो योजना पनि समाबेश गरिएको समाचारमा जनाईएको छ । नयाँ कार्ययोजनामा तत्काललाई चिनिया पर्यटकहरूलाई मल्टिपल भिसाको ब्यवस्था गरिने भएपनि निकट भबिष्यमै रसियन तथा अन्य मुलुकका पर्यटकहरूलाई पनि यस्तो ब्यवस्था गर्ने जनाईएको छ ।

सन् २०१५ मा जापान भ्रमणमा आएका १ करोड ९७ लाख ४० हजार पर्यटकहरु मध्ये भिसा आवश्यक परेका चिनिया, रसियन, इण्डियन, फिलिपिनी र भियतनामी नागरिकहरु ५६ लाख १० हजार जना रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

बाँकी पृष्ठ ६ मा

"नेपालीका लागि नेपालीबाटै"
फुदोसान, हाकेन र इन्टरनेट लगायतका सेवाहरु
कोठा तथा रेष्टुरेन्ट चाहिएमा
जापानका विभिन्न ठाउँमा काम चाहिएमा
(पार्ट टाइम तथा फुल टाइम, स्युस्योकुको लागि)
इन्टरनेट जडान गर्नु परेमा
(विभिन्न उपहारका साथमा)
SoftBank
कम्प्यूटर चाहिएमा
(नयाँ तथा पुराना विभिन्न मोडलहरूमा)
सित्तैमा सफ्टबैंकको मोबाईल चाहिएमा
(नयाँ सिम सहितको सफ्टबैंकको मोबाईल सेटहरू सित्तैमा उपलब्ध गराईन्छ)
सिन्जुकु, इकेबुकुरो, सिनओकुवो, ताकादानोबाबा, नाकानो, कोयज्जी, कामाता, कोइवा, ग्योतोकु, गोतान्दा, आसागाया, साइतामा, चिबा, खानागावा, लगायत अन्य ठाउँहरु
GLOBAL HOME NETWORK
Global Home Network Co., Ltd.
Tokyo-To, Shinjuku-Ku, Hyakunin-Cho 1-17-5, Mezon Ogura 305
*1 minute walk from Okubo Station (Between Shinokubo & Okubo Station)
Phone: 03-5937-6958 Fax: 03-5937-6959
Mobile: 080-6527-7479 (Paudel)
080-3158-5833 (Yoshida)
URL: globalhomejapan.com
E-mail: shiva_pkr@globalhomejapan.com
विशेषताहरु:
- अति नै सस्तो किमनी भएको कोठा तथा इनुकी रेष्टुरेन्टहरु
- पायक पर्ने उपयुक्त ठाउँहरु
- ग्यारेन्टरको झन्जट नहुने
- छिटो र छरितो

संघीय गठबन्धनले शान्तिपूर्ण आन्दोलन गर्ने

❑ नेस संवाददाता

काठमाडौं – संविधानका केही बुँदामा असन्तुष्ट रहेको मधेशी मोर्चासहितको २९ दलीय संघीय गठबन्धनले राजधानीमा गर्ने थप १० दिने आन्दोलनका कार्यक्रम सार्वजनिक गरेर प्रर्दशन गरिरहेको छ ।

पछिल्लो समय राजधानी केन्द्रित आन्दोलन गर्दै आएको गठबन्धनले राजधानीको शान्तिबाटिकामा विरोधसभाको

आयोजना गरेर यस खालका विरोधका कार्यक्रम गर्न निर्णय गरेको थियो । गठबन्धनले जेठ ६ गतेदेखि १७ गतेसम्मको चरणबद्ध आन्दोलनको कार्यक्रम उपत्यकाको १० स्थानमा विरोध सभाहरु गर्ने भएको छ । जुलुससहितका सबै विरोध सभाहरु दिउँसो ३ बजेपछि तय गरिएको छ ।

राजधानी केन्द्रित आन्दोलन अन्तर्गत गठबन्धनले यही जेठ ६ गते ललितपुरको लगनखेलमा, जेठ ७ गते नयाँबानेश्वरमा, ८ गते स्वयम्भूमा, ९ गते बौद्धमा, १० गते कीर्तिपुरमा, ११ गते भक्तपुर न्यातपोलमा, १२ गते बालाजुमा, १३ गते कलंकीमा, १४ गते मध्यपुरठिमीमा र १५ गते वसन्तपुरमा विरोधसभा गर्ने जनाएको छ ।

बाँकी पृष्ठ ६ मा

विशेष छुटको ब्यवस्था
उच्च गुणस्तरको, तन्दुर तथा विभिन्न मसलाहरू चाहिएमा अथवा रेष्टुरेन्टलाई आवश्यक पर्ने विभिन्न सामग्रीहरुका लागी हामीलाई सम्झनुहोस् ।
जापानमा तन्दुर तथा मसलाहरुको पहिलो थोक विक्रेता
काजु प्रति केजी ९९९ येन
मे महिनाको लागि मात्र
सम्पर्क:
NAMASTE BOUEKI
Namaste Boueki Building, 3375 Nakashima, Shikamaku, Himeji-Shi, Hyogo, 672-8035
TEL: 079-231-4343
MOB: 080-5343-6366 FAX: 079-231-4344

No.1 TRAVEL We go the extra mile for you SHIBUYA BRANCH
Discount Air Ticket Worldwide Shibuya Branch
हवाई-टिकटका लागि स्वर्णिम अवसर
"नम्बर वन ट्राभल"
विगत २८ वर्षदेखि यहाँहरुको सेवामा समर्पित "नम्बर वन ट्राभल" मा विशेष छुट सहित सस्तो र भरपर्दो हवाइ टिकट बिक्री भइरहेको छ।
Kathmandu *Round Trip*
JPY 38,000 1 MONTH FIX OPEN CHINA SOUTHERN AIR
JPY 65,000 2 MONTH FIX DRAGON AIR
JPY 60,400 1 MONTH FIX THAI AIRWAYS
JPY 58,000 1 MONTH FIX MALAYSIAN AIR
JPY 77,000 3 MONTH FIX OPEN KOREAN AIR
Delhi/Bombay
JPY 58,000 3 MONHS FIX OPEN AIR INDIA
Cheapest 38,000円 1 Month Fix Open
〒150-0043 Shibuya Ku, Dougenzaka 1-20-1 Osawa Bld. 6F, Tokyo, Japan
Sujan: 080-4142-4740 (SB, Viber), Sagar: 070-1202-7068 (SB, Viber),
Bimala : 080-4142-4741(SB, Viber) (KAWASAKI)
Shibuya Office: 03-3770-1381 Kawasaki Office: 044-276-8311
"The Fare are excluding Airport Taxes and Fuel Surcharge"
"माथि उल्लेख गरिएका भाडामा एयरपोर्ट दस्तुर र इन्धन मूल्य समावेश गरिएको छैन"

कोठा तथा इन्टरनेटका लागि
जापानभरी नै सेवा उपलब्ध छ
१ मान क्यास ब्याक अथवा आकर्षक कम्प्यूटर उपहार पाउनुहोस् ।
तपाईलाई आवश्यक परेको ठाउँमा आकर्षक र सस्तो कोठाहरू उपलब्ध गराईन्छ ।
ADVANCE LIFE CO., LTD.
169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 2-19-7, Tak Eleven Takadanobaba Room No. 1001
TEL: 03-6380-3175 FAX: 03-6380-3176, Fukuda: 080-3159-3298 (SB), 090-4097-8715 (Docomo)
Mobile: Shrestha 080-4166-9841, Sapkota: 090-2979-2787

समुद्रपारि.com क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम www.samudrapari.com Log on Now

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

सम्पादकीय

कता जाँदै छ ? जापानको नेपाली समाज

जापानमा अहिले नेपालीहरूको संख्या आधा लाख नाघिसकेको छ । आधा लाख भन्दा बढि जनसंख्या रहेको जापानको नेपाली समाजलाई दिशा निर्देश गर्ने, अनुगमन तथा पर्यवेक्षण गर्ने र एउटा निश्चित दायराभित्र नियमन गर्ने कुनै निकाय वा संयन्त्र छैन । नेपालीहरूको संख्यामा आएको बृद्धिदरलाई हेर्दा अबको एकाध वर्षमै लाख पुग्ने देखिन्छ । बढ्दो नेपालीहरूको संख्यासंगै समस्याहरु पनि त्यसरी नै बढिरहेका छन् ।

जापानको वर्तमान नेपाली समाजलाई केही वर्ष अगाडिसंग तुलना गर्दा अहिलेको समाज धेरै छिरलिएको अवस्थामा पुगेको छ । हाम्रो साझा परिचय नेपाली भनेर मात्र हामी पुरै रमाउन नसक्ने भएका छौं । वैचारिक, साम्प्रदायिक, पेशागत, क्षेत्रीय, भेगीय, हुँदै अब जिल्ला, गाबिस, वडा र टोल सम्मका संघसंस्थामा विभाजित भएर सानो सानो झुण्डमा रमाउन थालेका छौं । यसका सकारात्मक र नकारात्मक दुवै पक्ष आफ्नो ठाउँमा अवश्य होलान् यसबारेमा छुट्टै बहस होला । तर जसरी जापानमा संघसंस्थाहरु थपिने क्रम तिब्र गतिले बढिरहेका छन् त्यसरी नै उनीहरूले आयोजना गर्ने कार्यक्रमको प्रकृति, प्रभावकारिता र गतिशिलता भने सन्तोषजनक मान्न सकिन्न । अधिकाँशको रोजाई एउटै प्रकृतिको मनोरञ्जन प्रधान हुनु, बिना तालमेल कार्यक्रमको तिथिमिति निर्धारण गरिनु, हचुवाको भरमा पुरा गर्न नपर्ने कार्यक्रमको उद्देश्य तोकिनु, कार्यक्रमका लागि स्पोन्सर उठाउने प्रवृत्तिलाई फेशनकारूपमा मलजल गरिनु, कार्यक्रमबाट संकलित आय ब्यय बेलैमा सार्बजनिक गर्ने बारे जिम्मेवारी बोध नहुनु, कार्यक्रमका लागि कार्यक्रम गर्ने प्रचारमुखी प्रवृत्ति हावी हुनु जस्ता क्रियाकलाप जापानको नेपाली समुदायमा पछिल्ला समयमा बाक्लै देखिन थालेका छन् । यसप्रकारको गतिबिधिले नेपाली समुदायबिच एकातिर अस्वस्थ्य प्रतिस्पर्धा सिर्जना गर्दछ भने अर्कोतिर मेलमिलाप र एकतालाई खलल पुर्‍याउँदछ । यो चिन्ताको बिषय पनि हो ।

सबै संघसंस्थाहरूको स्रोत, शक्ति र साधन मनोरञ्जनजन्य कार्यक्रमहरूमा मात्र केन्द्रित भईदिंदा अन्य महत्वपूर्ण बिषयहरु पुरै ओझेलमा परेका छन् । बौद्धिक तथा ज्ञानबर्द्धक कार्यक्रमहरूमार्फत समाजमा चेतनाको स्तर अभिबृद्धि गर्ने, रोजगारी तथा उद्यमशिलताको अवसरहरु सिर्जना गर्ने, हरेक नागरिकलाई मुलुकप्रतिको दायित्वबोध गराउने, प्रवासका समस्यालाई कसरी मिलेर सामुहिकरूपमा समाधान गर्न सकिन्छ भनेर गहन छलफल गर्ने जस्ता बिषयमा समाजको खासै ध्यान जान सकेको देखिदैंन । यतातिर समाजका जिम्मेवार अगुवाहरूको बेलैमा ध्यान जान आवश्यक छ ।

स्वास्थ्य वीमा सम्बन्धि पर्याप्त ज्ञानको अभावमा थुप्रै नेपालीहरु जापानमा महंगा उपचार गर्न बाध्य छन् । उनीहरूलाई स्वास्थ्य लगायतका अन्य उपयोगी बिमाहरूका बारेमा परामर्श सेवाको आवश्यक छ । भाषा लगायत अन्य विविध कमजोरीका कारण ठूलो संख्याका नेपालीहरु अधिकारले पाउने जापानको सबै सेवा सुबिधाहरु उपभोग गर्न सकेका छैनन् । उपयुक्त सल्लाह सुझावको अभावमा नयाँ विद्यार्थी पुस्ताका जल्दाबल्दा युवा जमात धमाधम गलत निर्णयको शिकार भईरहेका छन् । बेलैमा उनीहरूलाई सही सल्लाह दिने हो भने यो क्रमलाई धेरै हदसम्म रोक्न सकिन्छ ।

जापानको नेपाली समुदायको ठूलो हिस्सा स्वरोजगारीको अवधारणा अनुसार अब ब्यवसायिकरणतर्फ अगाडि बढिसकेको छ । यो राम्रो पक्ष हो । यद्यपि एकल ब्यवसायमा हुने जोखिम र लगानी क्षमता उनीहरूका लागि चुनौती बनेका छन् । सामुहिक ब्यवसायको अवधारणा अझै बिकास हुन सकेको छैन । सफल एवं स्थापित ब्यवसायीहरु र नवउद्यमीहरूबिचको दूरी घटाउने अभ्यासहरु हुन सकेका छैनन् । यी र यस्ता समन्वयकारी भूमिका निर्बाह गर्ने कसले ? अहिलेको अनुत्तरित प्रश्न भनेका यिनै हुन् । यसलाई सम्बोधन गर्न यहाँका संघसंस्थाहरूले आफ्नो कार्यसूचीमा अहिलेको नेपाली समाजलाई ठ्याक्कै छुने खालको नीति, नारा र कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखिनुपर्दछ । यद्यपि बिभिन्न कोणबाट बिभिन्न ढंगले पहल र प्रयासहरु भने नभएका होइनन् । त्यसलाई अझ खँदिलो र पेचिलो बनाउँदै लैजान आवश्यक छ ।

माओवादी एकताको अर्थ

माओवादी आन्दोलनमा सहयात्रा गरेका तर शान्ति-प्रक्रियापछिको राजनीतिमा देखिएका जटिलता र पार्टीभित्र उत्पन्न विरोधबाट असन्तुष्ट बनेका केही नेता मिलेर बनाएका अलग-अलग माओवादी समूह क्रमशः एकै ठाउँमा उभिएका छन् । बिहीबारबाट एकीकृत माओवादीसँग रामबहादुर थापा बादलको नेतृत्वमा वैद्य समूहको ठूलो हिस्सासहित मणि थापा समूह, विप्लव समूहबाट बाहिरिएका तिलक परियार नेतृत्वको एउटा हिस्सा र पार्टी विभाजनबाट असन्तुष्ट रहेर स्वतन्त्र बसेका जयपुरी घर्तीसहितका केही नेता एकीकृत भएका छन् । अहिले यस्तो एकताको आवश्यकता, माओवादी आन्दोलनमा यसका राजनीतिक प्रभाव तथा राष्ट्रिय राजनीतिमा माओवादीको स्थान र हैसियतमा यसको प्रभावजस्ता विषय चर्चामा छन् । खासगरी बाबुराम भट्टराई अलग्गिएर माओवादी आन्दोलनबाटै बाहिरिएको तथा मोहन वैद्य र विप्लवले अझै पनि र्‍याडिकल धार निर्माण गर्न आवश्यक रहेको भनेर बहस गरिरहेको सन्दर्भमा यो एकताको अर्थ केलाउनु सान्दर्भिक नै हुनेछ ।

नेपालको इतिहासमा माओवादी आन्दोलनको अलग स्थान छ । अहिले पनि समाजमा माओवादी आन्दोलनप्रतिको बुझाइ र त्यसको औचित्यबारे फरक-फरक मान्यता र बहस छन् । एकथरिले माओवादी आन्दोलनलाई निषेध गर्ने चाहना राखेर बहस गर्ने गरेका छन् । स्वयं माओवादीसमेत इतिहासमा आफ्नो नेतृत्वमा भएको संघर्षले स्थापित गरेको राजनीतिक कार्यसूची के हो, के पाइयो र के गुमाइयो भन्नेमा विश्वासका साथ आफ्ना मत सार्वजनिक गर्न हच्केकाजस्ता देखिन्छन् । खासगरी पछिल्लो संविधानसभामा माओवादीहरूको खुम्चिएको स्थान र बाबुरामको बहिर्गमनजस्ता कुराले माओवादीहरूको वर्तमान हैसियतबारे उठेका प्रश्नका वरपर माओवादी चक्कर लगाइरहेकाले पनि यस्तो भएको हुन सक्छ ।

माओवादीहरूको हिंसात्मक बिद्रोह नेपालको अर्थ-राजनीतिक संरचनाकै उपज हो । यसलाई संगठित गर्ने, परिचालन गर्ने र सैद्धान्तिकीकरण गर्ने कामचाहिँ पेसेवर राजनीतिकर्मीहरूको एउटा सानो समूहले गरेको थियो । माओवादीहरूले हतियार नउठाएको भए के हुन्थ्यो भन्ने प्रश्न अब काल्पनिक हुन् । उनीहरूले हतियार उठाइसकेपछि त्यसले पाएको विस्तार र समर्थन, त्यसले उठाएका नाराको जनआन्दोलनबाट भएको अनुमोदनजस्ता कुराले यही कुरालाई पुष्टि गर्छ कि ०४७ को संविधानले निर्देशित गर्न चाहेको अर्थ-सामाजिक तथा अर्थ-राजनीतिक परिकल्पना नेपालको सन्दर्भमा असान्दर्भिक र पूरातन थियो । समाजको पिँधमा उत्पीडनमा परेका, सीमान्तमा धकेलिएका दलित, महिला, मधेसी, जनजाति र विकट क्षेत्रका नागरिक एउटा झट्का र परिवर्तनको आशामा थिए । त्यसलाई वाणी दिने काम माओवादी बिद्रोहले गर्‍यो । यद्यपि यसले अपनाएको हिंसात्मक मार्गको सन्दर्भमा यो पंक्तिकार सहमत छैन ।

प्राप्तिका रूपमा माओवादी आन्दोलनले देशमा ल्याएको परिवर्तन भनेको विभिन्न जाति, लिंग र क्षेत्रका जनताको राज्यसंयन्त्रमा समानुपातिक समावेशी प्रतिनिधित्व निश्चित गर्ने राजनीतिक परिपाटी, गणतन्त्र, संघीयता र सामाजिक चेतना हो । संविधानले यसलाई एक हदसम्म संस्थागत गरिसकेको छ । यसलाई नेपालका वामपन्थीले (यसमा एमालेदेखि मार्क्सवादी बाटो त्यागेका बाबुराम भट्टराईसम्म पर्छन्) पुँजीवादी जनवादी क्रान्तिको पूर्णताका रूपमा स्वीकार गरेका छन् । यो राजनीतिक परिवर्तनलाई संविधानले पनि संस्थागत गरेको छ । नेपालमा अहिले भएका राजनीतिक परिवर्तनका सन्दर्भमा केही विवाद छन् र मधेसी तथा जनजातिसहित महिलाका अधिकारका सन्दर्भमा पनि प्रश्न छन् । तर, यी प्रश्न राजनीतिक क्रान्तिका माध्यमबाट होइन, सामान्य सुधार प्रक्रियाबाट पनि समाधान गर्न सकिन्छ ।

यो प्राप्तिको सम्भावना माओवादी आन्दोलनले नै ल्याइदिएको हो । अहिले मधेसी आन्दोलन जो भइरहेको छ, त्यसको उत्प्रेरक पनि माओवादी आन्दोलन नै हो । जब माओवादी बन्दुक बिसाएर शान्ति-प्रक्रियामा प्रवेश गरे, तब समानान्तर रूपमा दुईवटा सामाजिक राजनीतिक प्रक्रिया सक्रिय रूपमा चले । माओवादीहरु चारित्रिक राजनीतिक रूपमा स्खलित हुँदै गएर आफ्नो वर्ग पहिचान, क्रान्तिकारी नैतिकता र छवि धुमिल बनाएकाले प्रतिरोध क्षमता गुमाउँदै गए । माओवादीका विरोधी रहेका समाजका परम्परागत सभ्रान्त राजनीतिक आर्थिक समूहले साँस्कृतिक तथा राजनीतिक दुवै मोर्चाबाट माओवादीमाथिको प्रहारलाई तीव्र बनाए । यसले राजनीतिमा ल्याएको तीव्र दबाब झेल्न नसकेर माओवादीको एउटा हिस्साले बरू चपरीमुनि जाउँला यस्तो झ्याउलो सहिन्न भन्ने बाटोलाई सैद्धान्तिक स्वरूप दियो । अवसर पाउने र नपाउने, शुद्धतावादी र व्यवहारवादी, टाठा र सोझा, मोडरेट र कट्टरपन्थी माओवादीबीच ध्रुवीकरण बढ्यो र अन्ततः त्यो विभाजनसम्म पुग्यो । आफैले स्थापित गरेका कार्यसूची संस्थागत गर्ने वेलामा विभाजित भएर माओवादीले आफैलाई धोकाबाहेक केही दिएनन् ।

यतिवेला संसदमा एमाओवादी तेस्रो स्थानमा छ । संविधान निर्माणका क्रममा एमाले र काँग्रेस प्रभावशाली भएकाले कतिपय कार्यसूचीमा माओवादीले जुन सम्झौता गर्‍यो,

विचार

✍ झलक सुबेदी

स्वयं माओवादीसमेत इतिहासमा आफ्नो नेतृत्वमा भएको संघर्षले स्थापित गरेको राजनीतिक कार्यसूची के हो, के पाइयो र के गुमाइयो भन्नेमा विश्वासका साथ आफ्ना मत सार्वजनिक गर्न हच्केकाजस्ता देखिन्छन् ।

त्यसले मधेसमा असन्तुष्टि र आन्दोलन जारी छ । तर, आफै कमजोर शक्ति भएपछि माओवादीले न एक्लै सडकमा निस्केर राजनीतिक हस्तक्षेप गर्न सक्छ न आफैले चाहेर मात्रै संसदको कार्यसूची प्रभावित गर्न सक्छ । कतिसम्म भने माओवादी सशस्त्र बिद्रोहले स्थापित गरेकै राजनीतिक कार्यसूचीसमेत अहिले अरूले दाबी गर्ने, आफूले पूरा स्वामित्व दाबी गर्न नसक्ने विचित्रको हालतमा माओवादी पुगेको छ ।

यता अझै पनि माओवादीलाई साइजमा ल्याउने उद्देश्यसहित संस्थापन पक्षका केही पुर्जाहरु क्रियाशील छन् । माओवादी नेता र कार्यकर्तालाई मुद्दा र झैझमेलामा फसाउने र हैरान पार्ने काम रोकिएको छैन । अर्कोतिर जो माओवादीहरु मूलधारबाट बाहिरिएर अलग र्‍याडिकल धार बनाउन हिँडेका थिए, उनीहरूले पनि समाजमा उल्लेख्य उपस्थिति र डिस्कोर्ससमेत सिर्जना गर्न सकेका छैनन् । हिजोको आन्दोलनका वैचारिक र सांगठनिक धङधडी बोकेर र आन्दोलनका प्यारोडी गाएर हिँड्दैमा शक्ति आर्जन हुँदैनथ्यो (यो कुरा तत्कालीन एमालेमा आएको विभाजनबाट पनि सिक्न सकिन्थ्यो) । त्यसका लागि अहिलेको समाजलाई छुने नीति, नारा र कार्यक्रम चाहिन्छ । त्यसो गर्न नसकेकाहरूले फुटको औचित्य साबित गर्न नसक्ने त भए नै आफ्नै कारणले माओवादी आन्दोलनले आर्जन गरेको राजनीतिक वर्चस्व गुमेकोमा पछुताउनुबाहेक तिनीहरूसँग केही पनि बाँकी रहेन ।

संविधानसभाको निर्वाचन परिणाम र बाबुरामको बहिर्गमनले प्रचण्डको नेतृत्व क्षमता, समग्र माओवादी आन्दोलनको औचित्य, त्यसभन्दा अघि बढेर प्रचण्ड र उनको पार्टीको भविष्यमाथि समाजमा सहज रूपमा प्रश्न उठ्यो । उनको राजनीति अहिलेको नेपाली राजनीतिमा उनको व्यक्तित्वको प्रभाव र विगतको लिगेसीमा मात्र बाँकी रहला जस्तो देखिन गयो । यस्तो अवस्थामा माओवादीहरूका बीच जुन एकताको प्रयास भएको छ, त्यो माओवादी आन्दोलनका लागि सकारात्मक नै ठहर्ने अनुमान गर्न सकिन्छ ।

यसले माओवादीहरूलाई आत्मपरीक्षण गर्ने अवसर पनि दिएको छ । यद्यपि अहिले पनि माओवादी आन्दोलनका नेता-कार्यकर्तामा देखिने तीव्र व्यक्तिवाद, पदलोलुपता, (६०० जनालाई केन्द्रीय सदस्य बनाउँदा पनि नपुग्ने अवस्था) भुइँ छाडेका महत्वाकाँक्षाहरूको भारी र साँस्कृतिक क्षयीकरणले यो आन्दोलन कत्तिको व्यवस्थित हुन्छ भन्ने प्रश्न जीवितै राख्छन् । प्रचण्डका लागि भने यो एकताका केही अर्थ छन् । पहिलो त उनले आफ्नो राजनीतिक व्यक्तित्व र हैसियतभन्दा निकै खुम्चिएर गएको शक्तिलाई पुनर्संगठित गर्ने र शक्ति आर्जन गर्ने मौका पाउनेछन् । कमसेकम आफ्नो पंक्तिमा त्यस्तो सन्देश प्रवाहित हुनेछ । त्यसैगरी रामबहादुर थापा बादल, देव गुरूङ, पम्फा भुसाल, जयपुरी घर्ती, तिलक परियार, मणि थापा, अमृता थापा, सुरेश आलेलगायत नेताहरूको फिर्तीपछि एमाओवादीको फेस भ्यालु निकै बढ्नेछ । यसले जनयुद्धको लिगेसी एमाओवादीमा रहेको प्रस्ट सन्देश दिनेछ ।

अर्को प्रभाव भनेको यो एकताले डा. भट्टराईले स्थापना गरेको नयाँ शक्ति र विप्लवको र्‍याडिकल धारको जुन वैचारिक सांगठनिक चुनौती एमाओवादी संगठनमा परेको थियो, त्यो अब कमजोर भएर जानेछ । ती संगठनमा एमाओवादीबाट जानेहरूको संख्या अब पातलिने या रोकिनेछ । तेस्रो कुरा अब माओवादीमाथि अप्रत्यक्ष धम्की र दमनको हतियार जुन संसदमा र न्याय प्रक्रियामा समेत देखिएको छ, त्यो कमजोर बन्नेछ अर्थात् माओवादीको प्रतिरोध क्षमतामा वृद्धि हुनेछ । माओवादी दलहरूको संख्या घट्नु नै पनि प्रचण्डका लागि आफ्नो नेतृत्व पुनर्स्थापनाको हतियार हुनेछ भने उनले आफ्ना उत्तराधिकारीका रूपमा रामबहादुर थापालाई अगाडि बढाएर विश्राम लिने मौका पाउनेछन् । अर्थात् उत्तराधिकारको प्रश्न हल हुनेछ ।

राष्ट्रिय राजनीतिमा यो एकताले तत्काल कुनै प्रभाव पार्नेछैन । एकताले संसदीय गणितमा कुनै फरक नपार्ने भएकाले पनि यसको अर्थ सानो छ । स्थानीय या प्रादेशिक निर्वाचनमा भने यसले माओवादीलाई फाइदा हुनेछ । उता जनजाति, दलित र मधेसको राजनीतिमा एमाओवादीलाई यसले फाइदा पुग्नेछ । अहिले एकता प्रक्रियामा आएकाहरूमा जनजाति क्षेत्रबाट आएर पार्टीनेता बनेकाहरूको बहुलता छ । बादल, देव गुरूङ, हितमान, सुरेश आले, अमृता थापा, जयपुरी घर्तीलगायतले जनजाति क्षेत्रमा राम्रो प्रभाव राख्छन् । यसैगरी एमाओवादीको महिला नेतृत्वमा पनि यसको सकारात्मक प्रभाव पर्ला । पम्फा भुसाल, जयपुरी, अमृतालगायतले त्यहाँ खाली ठाउँ भर्नेछन् । तिलक परियार, तेजबहादुर मिजारलगायतका नेताहरूको एकताले दलित नेतृत्वका दृष्टिले पनि एमाओवादीलाई यसले फाइदा पुग्नेछ ।

तर, यो एकतालाई वर्तमान संविधानको आधारभूत सिद्धान्तहरूकै जगमा टेकेर श्रमजीवी जनताका पक्षमा थप अधिकारको स्थापनाका लागि संघर्ष गर्ने र समाजवादी व्यवस्थामा जान पहलकदमी लिने प्रयासमा लगाईएन र व्यक्तिहरूको राजनीतिक भविष्यको सुरक्षामा मात्र लगाइयो भनेचाहिँ यसले आमजनताका लागि केही अर्थ राख्नेछैन । एउटा मोडरेट र फराकिलो वामपन्थी राजनीतिक दलका रूपमा एमाओवादीको रूपान्तरण र माओवादी आन्दोलनका कार्यसूचीहरूको निरन्तरता, सोहीअनुरूपको संगठन र सँस्कृति निर्माणमा लाग्यो भने यसले देशमा वैकल्पिक राजनीतिक शक्तिको स्थान लिन सक्नेछ । यसका लागि अहिलेको माओवादीको रूपान्तरण आवश्यक छ । एकीकृत भएपछि रूढ वामपन्थतिर होइन, सामाजिक मुद्दामा श्रमजीवी वर्गको, उत्पीडित वर्ग र समुदायको पक्षधरतासहितको खुकुलो वामपन्थ नै एमाओवादीका लागि राजनीतिक स्पेस हो । त्यो स्थान लिन छाडेर एमालेसँग या नेपाली काँग्रेससँग प्रभाव क्षेत्रमा प्रतिस्पर्धा गर्न थाल्यो भने यो दलको कसलाई खाँचो रहला र ?

१६ वर्षीय किशोरद्वारा जापानमा साइबर आक्रमण

४ सय ४४ वटा स्कुलका साइट अवरुद्ध

❑ नेस संवाददाता

टोकियो - ओसाका शिक्षा समितिको सर्भरमा साइबर आक्रमण गरी सो समिति अन्तरगतका ४ सय ४४ स्कुलको वेबसाइट एकै पटक बन्द गराएको आरोपमा प्रहरीले एक १६ बर्षिय बिद्यार्थीलाई पक्राउ गरेको छ । उनले डेनिएल अफ सर्भिस (डिओएस) मार्फत आक्रमण गरेको बताईएको छ । उक्त बिद्यार्थीले आफ्नो शिक्षकसंग असतुष्ट भएको कारण सो आक्रमण गरेको स्विकार गरेका छन् । शिक्षकले आफुहरु प्रति बोल्ने तरिका मन नपरेको र आफ्नो बिचारहरु शिक्षकले सुन्ने पनि नगरेकोले शिक्षक असक्षम भएको उनले बताएका छन् । शिक्षकको असक्षमता महसुस गराउन र उनीहरु समस्यामा परेको हेर्नको लागि आफुले सो आक्रमण गरेको उनले प्रहरीको अनुसन्धानको क्रममा बताएका छन । प्रहरीले उनको कम्प्युटर तथा ह्याकिङ सम्बन्धी किताबहरु कब्जा गरेको छ । प्रहरीको अनुसन्धानको क्रममा उनले आफु ह्याकिङ समुहमा आवद्ध हुन चाहेको पनि बताएका छन् ।

जापानमा यस किसिमको घटना पहिलो पटक भएको बताईएको छ । जसमा १६ बर्ष मुनिका बिद्यार्थीले स्थानीय शैक्षिक निकायमा साइबर आक्रमण गरिएका थिए । यस किसिमको अभियुक्तलाई बढिमा ३ बर्षको जेल र ५ लाख येन जरिबाना सजायको ब्यवस्था रहेको छ । तर उनी नाबालक भएको कारण उनलाई दिईने सजाय केहि कम हुन सक्ने समाचारमा जनाईएको छ ।

कर बृद्धि बारे निर्णय निर्वाचन पछि मात्रै

❑ नेस संवाददाता

टोकियो - जापानी प्रधानमन्त्री सिन्जो आबेले अर्को बर्षको अप्रिल देखि बृद्धि गर्ने योजनामा रहेको उपभोक्ता करको बारेमा आगामी निर्बाचन पछि मात्र ठोस निर्णय लिने बताएका छन् । जापान टुडेका अनुसार बुधबार संसदमा बोल्दै उनले सो कुरा बताएका हुन् ।

आबे सरकारले सन् २०१७ को अप्रिल महिनादेखि उपभोक्ता कर १० प्रतिशत पुऱ्याउने योजना बनाएको थियो । उक्त कर सन् २०१४ मा ५ प्रतिशतबाट बृद्धि गरी हालको ८ प्रतिशत पुऱ्याएपछि जनताको क्रयशक्तिमा कमी आएको भन्दै थप कर बृद्धिको बारेमा बिरोध भईरहेको छ ।

गत बुधबारको संसद बैठकमा संबोधन गर्दै प्रधानमन्त्री आबेले करको थप बृद्धिको बारेमा उपयुक्त समयमा करको बृद्धि गर्ने बारे पछि निर्णय लिने बताएका थिए । संभवत उनले आगामी गृष्ममा हुन गईरहेको माथिल्लो सदनको संसदीय निर्वाचन पश्चात सो निर्णय लिनेछन् । प्रतिपक्षी दलका नेता ओकादा काचुयाले भने कर बृद्दिलाई कम्तिमा पनि २ बर्ष रोक्नुपर्ने धारणा ब्यक्त गरेका छन् ।

सन २००८ को आर्थिक मन्दी र २०११ को महाभूकम्पबाट नराम्रो असर परेको जापानी अर्थतन्त्रलाई माथि उठाउन आबे सरकारले करको नीतिलाई कडा बनाउँदै लगेको बुझिएको छ ।

यसै क्रममा कर तथा सामाजिक सुरक्षाको ब्यवस्थापन गर्नका लागि भन्दै आबे सरकारले माईनम्बर प्रणाली पनि लागु गरेको छ । जसको बिरूद्धमा मुद्दा पनि दायर भएको छ ।

कुमामोतो पुनर्निर्माणका लागि ७० करोड येनको चिठ्ठा

❑ नेस संवाददाता

टोकियो - गत अप्रिल १४ र १६ तारिखमा गएको महाभूकम्पबाट क्षतिग्रस्त कुमामोतो क्षेत्रको पुनर्निर्माणमा सहयोग गर्ने उद्देश्यले ७० करोड येन बराबरको पुरस्कार राशि भएको चिठ्ठा अर्थात ताकाराकुजी सार्बजनिक गरिएको छ । कुमामोतो भूकम्प पीडित सहयोग ड्रिम जम्बो ताकाराकुजी नाम दिईएको सो चिठ्ठा यहि मे ११ तारिख बुधबारदेखि जापानभरि बिक्रि सुरू गरिएको सान्केइ सिन्बुनले जनाएको छ । कुमामोतोको संकेत क्यारेक्टरको रूपमा रहेको कुमामोनको तस्बिर सहित

छापिएको जम्बो ताकाराकुजी चिठ्ठाको बिक्रिबाट आएको नाफा रकम कुमामोतोको पुनर्निर्माणमा लगाईने बताईएको छ । यस भन्दा अघि पनि कोबे, निगाता र हिगासी निहोन महाभूकम्पको समयमा पनि यस किसिमको चिठ्ठाको आयोजना गरिएको समाचारमा उल्लेख छ ।

सो चिठ्ठाको प्रथम पुरस्कार ५० करोड येन, दोश्रो पुरस्कार १० करोड येन र तेश्रो पुरस्कार १ करोड येन राखिएको छ भने ड्रिम जम्बो ताकाराकुजीको पुरस्कार भने ७ करोड येन बराबरको राखिएको छ । यि चिठ्ठाहरु जुन ३ तारिखसम्म एउटाको ३०० येनमा बिक्रि गरिने छ भने जुन ९ तारिखका दिन टोकियोको चियोदा कु स्थित टोकियो ताकाराजुकागेकिज्योमा खोलिने समाचारमा उल्लेख छ । कुमामोतोको पुनर्निर्माणमा सहयोग गर्न चाहनेहरूले यो चिठ्ठा खरिद गरेर पनि सहयोग गर्नुहुन आयोजकले आह्वान गरेको छ ।

CITY EXPRESS MONEY TRANSFER | SBI Remit
के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
FREE
सितैमा
पैसा पठाउन सकिने
- पहिलोचोटी नेपाल पैसा पठाउँदा सितैमा
(पुराना ग्राहकहरूको हकमा २०१४ सेप्टेम्बर ३० तारिखसम्म हाम्रो सेवा लिनु भई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नु भएका ग्राहकबर्गमा पनि यो सेवा लागू हुनेछ ।)
- ४ पटक नेपाल पैसा पठाएमा ५ औं पटक सितैमा
- यो सेवा २०१५ मार्च ५ तारिखदेखि लागू हुनेछ
दरभाउ बुझ्नका लागि: 080-3842-9995 (Softbank)
सस्तो, छिटो, भरपर्दो र बिना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunin-Cho 2-10-9, Shin-Okubo Initial House 2F
Tel.: 03-5925-4121, Fax: 03-5925-4122
Email: japan@ctxpress.co.jp, Web: www.cityremit.com
नेपाली भाषामा विस्तृत जानकारीको लागि: 090-6452-8932 (SB), 080-4659-1860 (SB)

TOHO KHANBAN
आफ्नै कम्पनीको मौलिक उत्पादन, उच्च गुणस्तरीय LED साइनबोर्ड सर्वोत्कृट तथा दक्ष डिजाइनरद्वारा डिजाइन गरिने
सस्तो, कम बिजुली लाग्ने, धेरै टिक्ने, कम ताप दिने
साइनबोर्ड मूल्य सूची (डिजाइन, प्रिन्ट र डिस्प्ले प्यानल सहित)

पातलो विद्युतीय साइनबोर्ड ८ सेमी बाक्लो | पातलो विद्युतीय साइनबोर्ड (LED लाइट) | विद्युतीय साइनबोर्ड | विद्युतीय साइनबोर्ड (बल्ने-निभ्ने) | LED डिस्प्ले साइनबोर्ड | LED ग्रिप साइनबोर्ड
नयाँ प्रविधियुक्त मेसिनद्वारा प्रिन्ट गरिने
प्रोफेशनल क्यामेराम्यानद्वारा रेष्टुरेन्टका खानाहरुको फोटो खिच्न सकिने
घाम तथा पानीले नबिगार्ने साइनबोर्ड
सबै प्रकारका प्रिन्टिङ्ग सेवाहरु रेष्टुरेन्टका लागि डिस्प्ले परिवर्तन, विद्युतीय साइनबोर्ड, पोष्टर, भिजिटिङ्ग कार्ड, X व्यानर स्ट्यान्ड, कटिङ्ग अक्षर, मेन्यु, चिरासी, मूल्य सूची आदि प्रिन्ट गरिन्छ ।
आफ्नै फ्याक्ट्रिमा बनाइने
✔ साइनबोर्ड फिटिङ्ग
✔ सबैभन्दा छिटो
✔ सबैभन्दा सस्तो
✔ अर्डर अनुसार तयार
✔ पानीले नभिज्ने, घाममा नपग्लिने
✔ अनुमानित खर्च नि:शुल्क उपलव्ध
इकेबुकुरो स्टेशन पूर्वी ढोकाबाट ३ मिनेट पैदल
सम्पर्क
Toho Co., Ltd.
अफिस : ०८०-४२०८-७२५२, ०८०-४६१२-१८०८(SB)
जापानी भाषाको लागि : ०३-६८८३-८९८१
इमेल : 1937727546@qq.com
Our Professional Staffs is Waiting to Help You !
जापानभरी डेलिभरीको व्यवस्था पनि छ (डेलिभरी शुल्क लाग्ने छ)
Fujita Bldg. 5F, Higasi Ikebukuro 1-35-10 Toshima-Ku, Tokyo

पर्यटन प्रबर्द्धनका लागि 'अतिथि देवो भवः' अभियान

❑ नेस संवाददाता

काठमाडौं – गैर आवासीय नेपाली संघ (एनआरएनए) को ७५ वटा देशमा रहेको नेटवर्क प्रयोग गर्दै नेपालको पर्यटन प्रबर्द्धनका लागि अतिथि देवो भवः अभियान चलाइने भएको छ ।

राजधानीमा एक कार्यक्रमको आयोजना गरी अतिथि देवो भवः अभियान सञ्चालनका लागि नेपाल पर्यटन बोर्ड र एनआरएनएबीच सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ । सम्झौता पत्रमा एनआरएनएका तर्फबाट केन्द्रिय उपाध्यक्ष तथा टुरिजम प्रमोशन नेपाल कमिटिका अध्यक्ष भवन भट्ट र बोर्डको तर्फबाट प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले हस्ताक्षर गर्नुभयो ।

सम्झौता अनुरूप नेपालभित्र राष्ट्रियस्तरमा अतिथि सत्कारको क्षेत्रमा जागरूकता ल्याउने र आतिथ्यलाई क्रियाकलापमा परिवर्तन गर्ने किसिमका कार्य गर्ने, पर्यटकीय क्षेत्रको प्रचार-प्रसार गर्ने र आन्तरिक पर्यटन वृद्रि गर्ने, विदेशमा नेपालका पर्यटकीय क्षेत्र तथा आतिथ्यको ७५ मुलुकमा रहेको एनआरएनए नेटवर्क प्रयोग गरी त्यहाँका सरकारी निकायका साथै नेपालीको सहयोगमा एनआरएनए र नेपाल पर्यटन बोर्डको संयुक्त प्रयासमा विभिन्न कार्यक्रम गरी अतिथि देवो भवः अभियान विदेशमा पनि प्रचार-प्रसार गर्ने रहेको छ । त्यस्तै, सो कार्यलाई विश्वस्तरमा परिणाममुखी बनाउन एनआरएनएका ७५ देशका एनसीसीका अध्यक्षलाई गुडविल एम्बास्डर बनाईने भएको छ । नेपालमा आएका विदेशी पाहुनालाई फेरि भ्रमण गर्ने वातावरण बनाउने र अरूलाई पनि भ्रमणका लागि सिफारिस गर्न प्रेरित गर्ने पनि सम्झौतामा उल्लेख गरिएको छ ।

भूकम्प पछिको नकारात्मक सन्देश हटाउँदै सन् २०१८ सम्ममा नेपालमा पर्यटकको संख्या उल्लेख्य रूपमा वृद्धि गर्ने पनि सम्झौता पत्रमा उल्लेख गरिएको छ । सम्झौता अनुसार अभियानको सञ्चालन एनआरएनएले गर्ने, पर्यटन बोर्डले सहजीकरण र प्रबर्द्धनमा सहयोग गर्ने तथा पर्यटन मन्त्रालयले सफलताको मुल्यांकनसहित स्वदेश र विदेशमा यो अभियानलाई आवश्यक पर्ने सरकारी सहयोग उपलब्ध गराउने रहेको छ ।

दश माओवादीबीच एकता, नेकपा माओवादी केन्द्र गठन

❑ नेस संवाददाता

काठमाडौं – विभिन्न घटकमा विभक्त दश माओवादीको एकतापछि नेकपा माओवादी केन्द्र गठन गरिएको छ ।

राजधानीमा आयोजित घोषणासभामार्फत एकीकृत नेकपा (माओवादी), नेकपा (क्रान्तिकारी माओवादी), नेकपा (माओवादी), क्रान्तिकारी कम्युनिस्ट पार्टी, नेकपा माओवादी विद्रोही समूह, नयाँ शक्ति नेपाललगायतले नयाँ नामलाई अनुमोदन गरेका हुन् । घोषणासभामा एनेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहालले विभिन्न समूहमा विभाजित सबै माओवादी घटकबीच एकता भई नयाँ क्रान्तिकारी पार्टी नेकपा माओवादी केन्द्रको जन्म भएको घोषणा गर्नुभयो ।

घोषणासभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले नयाँ आधारमा निर्माण भएको पार्टीले नेपालको कम्युनिस्ट आन्दोलनलाई विजयको शिखरमा पुऱ्याउने र नेपाली जनताको सपना र चाहनालाई पूरा गर्ने बताउनुभयो । उहाँले भन्नुभयो, 'शान्ति प्रक्रियाको सुरूवातसँगै पार्टीमा देखिएको टुटफुटबाट पाठ सिकेर क्रान्तिकारी माओवादी एकै ठाउँमा आएका छौं । यसले नेपाली जनतामा नयाँ उभार पैदा गर्नेछ भने क्रान्तिको बाँकी कार्यभारलाई पूरा गर्नेछ ।'

पार्टी टुट फुटमा हराउँदा सहिद परिवार, बेपत्ता योद्धाका परिवार, घाइते र अपाङ्ग भएका क्रान्तिकारी योद्धाले सोध्ने प्रश्नको उत्तर आफूहरूसँग नरहेको भन्दै उहाँले आगामी दिनमा ती वर्ग तथा क्षेत्र मात्रै नेपाली जनतालाई नयाँस्तरमा नेतृत्व गर्नसमेत आफूहरु सफल हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले माओवादी क्रान्तिकारीको विजयको दिन सुरू भएको भन्दै आगामी एकाध महिनामै आफूहरूको पक्षमा देशव्यापी चमत्कार ल्याउने उल्लेख गर्नुभयो । अध्यक्ष दाहालले भन्नुभयो, 'टुट फुटबाट निराश भएका नेता तथा कार्यकर्तामा आजको एकताले नयाँ चमत्कार ल्याउनेछ, सुस्ताएकाहरु उठ्नेछन् र जनताको पक्षमा देशव्यापी माहोल सिर्जना हुनेछ ।'

उहाँले गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशीतालगायत परिवर्तनका एजेण्डामाथि उठेको प्रश्नको उत्तरसमेत दिन सकिने अवस्थामा पुगिएको भन्दै माओवादीलाई कमजोर पारेर, अपमानित गर्ने प्रवृत्तिको पराजय र जनताको विजयका दिन प्रारम्भ भएको बताउनुभयो । माओवादीको मात्रै एकता नभई

सच्चा क्रान्तिकारी कम्युनिस्ट र राष्ट्रिय एकता पनि भएको स्पष्ट पार्दै अध्यक्ष दाहालले विस्तृत शान्ति सम्झौताअनुसार सत्य निरूपण तथा बेपत्ता नागरिक खोजबिन आयोगको काम पनि सकारात्मक रूपमा अगाडि बढ्ने विश्वास पैदा भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'माओवादी क्रान्तिकारीलाई कमजोर पारेर कोही कसैले राजतन्त्र फर्काउने सपना देखेको भए पनि त्यो सपना आजैबाट चकनाचूर भएको छ ।'

जनताको एजेण्डालाई सम्बोधन गर्न सदन, सडक र सरकारबाट संघर्ष गर्ने उल्लेख गर्दै उहाँले शान्ति प्रक्रियाको सुरूवातको चरणमा रहँदाका दिनको जस्तै पार्टीलाई गतिशील र जीवन्त बनाइने प्रतिबद्धता व्यक्त गर्नुभयो । माओवादी एकताले राष्ट्रिय एकता बलियो भएको बताउँदै अध्यक्ष दाहालले संविधान कार्यान्वयनलाई प्राथमिकतामा राखेर बाँकी उपलब्धिका लागि संघर्ष गर्दै जाने स्पष्ट पार्नुभयो ।

नौ बुँदे सम्झौतामा तीन बुँदा खारेज गर्न माग

❑ नेस संवाददाता

काठमाडौं – प्रधानमन्त्री केपी शर्मा ओली र एनेकपा (माओवादी)का अध्यक्ष पुष्पकमल दाहालबीच भएको नौ बुँदे सम्झौतामध्ये तीनवटा बुँदा मानवअधिकार विरोधी भएको भन्दै खारेज गर्न माग गरिएको छ ।

राजधानीमा आयोजित 'नौ बुँदे सम्झौता र न्यायका लागि संघर्ष द्वन्द्व पीडितको न्यायिक मुद्दा' विषयको अन्तर्क्रिया कार्यक्रममा सहभागी मानवअधिकारवादीहरूले सत्ता टिकाउन गरिएको सम्झौतामध्ये तीन, पाँच र सात नम्बरका बुँदा मानवअधिकार विरोधी रहेको भन्दै खारेज गर्न माग गरेका हुन् । नेपाली काँग्रेसका कोषाध्यक्ष एवम् सांसद सीतादेवी यादवले दोषीलाई आममाफी हुने गरी कानुन ल्याए त्यो कानुन आफूलाई मान्य नहुने बताउनुभयो ।

'म सहिद पत्नी हुँ । मैले मेरो श्रीमान् को हत्यारालाई कसरी आममाफी दिन सक्छु ?' उहाँको प्रश्न थियो । उहाँले तीन बुँदाले मानवअधिकारको गम्भीर उल्लंघन गरेको समेत स्पष्ट पार्नुभयो ।

नेकपा (एमाले) का केन्द्रीय सदस्य एवम् सांसद गरिमा शाहले पीडितले आम माफी दिएमात्र आम माफी सम्भव हुने अन्यथा कानुन बमोजिम जानुपर्ने बताउनुभयो । उहाँले दोषीलाई सत्यनिरूपण तथा मेलमिलाप आयोगले हेर्नेसमेत स्पष्ट पार्नुभयो ।

मानवअधिकारवादी चरण प्रसाईंले कानुन अनुसार अपराधीलाई कारबाही हुनुपर्ने बताउनुभयो । द्वन्द्वपीडित राष्ट्रिय समितिका कार्यवाहक अध्यक्ष कल्याण बुढाथोकी, मानवअधिकारवादी भवानीप्रसाद खरेल, सुशील प्याकुरेल, डेमोक्रेटिक लयर्स एसोसियसनका अध्यक्ष गोपालकृष्ण घिमिरे, अधिवक्ता दिनेश त्रिपाठी, बेपत्ता परिवार समाज अध्यक्ष एकराज भण्डारी, मधेसी नागरिक समाजका अध्यक्ष गणेश मण्डल, अधिवक्ता गोविन्द बन्दी, द्वन्द्वपीडित राष्ट्रिय समितिका सदस्य फणिन्द्र लुइँटेल, गोपालबहादुर शाहलगायतले नौ बुँदे सम्झौताले न्यायको पर्खाइमा बसेका द्वन्द्वपीडितलाई मर्माहत बनाएको बताए ।

सगरमाथामा ट्राफिक जाम

❑ नेस संवाददाता

काठमाडौं – दुई वर्षसम्म आरोहण रोकिएको विश्वको सर्वोच्च शिखर सगरमाथामा यस वर्ष आरोहीहरूको संख्या बढी भएपछि ट्राफिक जाम भएको छ ।

आराहोण सकेर फर्कने र आरोहणमा जानेहरूको भीडका कारण सगरमाथामा ट्राफिक जाम देखिएको हो । यो वर्षको ऋतु अर्थात मे महिनामा सगरमाथाको शिखरमा पुग्न ७५ दिनसम्मको अनुमति लिएर गत चैतदेखि नै आरोही आधारशिविर पुगेका थिए । दिनहुँ उकालो लाग्ने र ओरालो झर्नेले आधार शिविरबाट माथितिर ट्राफिक जाम भएको हो । आधारशिविरबाट चुचुरो पुग्ने र फर्कने बाटो एउटै हुने गर्छ । आधारशिविरमा रहेका पर्यटन विभागका सम्पर्क अधिकृत ज्ञानेन्द्र श्रेष्ठका अनुसार सगरमाथामा आरोहीको ट्राफिक जाम हुनु स्वाभाविक हो । गएका दुई वर्ष लगातार ठूला प्राकृतिक विपत्तिका कारण सगरमाथा आरोहण रोकिएको यसपालि मौसमले साथ दिएका कारण पनि सगरमाथामा आरोहीको संख्या बढेको उहाँको भनाइ छ । अनुमति पाएर पनि पछिल्ला दुई वर्ष आरोहण गर्न नपाएका र यो वर्ष नयाँ गरी सयौं आरोही विभिन्न शिविरमा जम्मा भएको उहाँले जानकारी दिनुभयो ।

सगरमाथा आरोहण प्रारम्भ भएको नवौं दिन मात्रै १५० भन्दा बढी आरोही सगरमाथाको चुचुरोमा पुगेका छन् ।

नेपालीहरुद्वारा सामुहिकरुपमा

जापानलाई धन्यबाद ज्ञापन गरिने

❑ नेस संवाददाता

टोकियो – गत वर्ष बैशाख १२ गते नेपालमा गएको महाभूकम्पका कारण उत्पन्न विपत्तिमा जापान सरकार र जापानी जनताले पुऱ्याएको सहयोग अतुलनीय रहेको भन्दै जापानमा रहेका नेपालीहरूले सामुहिकरूपमा धन्यबाद ज्ञापन गर्ने भएका छन् ।

महाभूकम्प गएको ठिक एक वर्ष पुगेको अवसर पारी गत अप्रिल २५ मै उक्त कार्यक्रमको आयोजना गरिएकोमा जापानको कुमामोतोमा गएको बिनाशकारी भूकम्पका कारण स्थगित हुन गएको सो कार्यक्रम २९ तारिख आइतवारका दिन हुने भएको हो ।

जापानमा क्रियाशिल संघसंस्थाहरूको सहकार्यमा जापानस्थित नेपाली राजदूताबास, नेपाल पर्यटन बोर्ड र एनआरएनए जापानको संयुक्त आयोजनामा हुन लागेको सो कार्यक्रममा आफुलाई पायक पर्ने ठाउँमा गई सहभागी भईदिन जापानबासी नेपालीहरूमा अपिल गरिएको छ ।

गत वर्ष भूकम्प पीडितका लागि सहयोग संकलन गरिएको जापानका मुख्य मुख्य सहरका सम्भावित ठाउँहरूमा नेपालीहरु भेलाभै जापानले नेपाललाई गरेको सहयोगको स्मरण गराउँदै धन्यवाद ज्ञापन गर्ने र जापानीहरूलाई नेपाल भ्रमणको निम्तो दिने उक्त कार्यक्रमको उद्देश्य रहेको बताईएको छ ।

कार्यक्रम उक्त दिनको अपरान्ह ३ बजेदेखि ४ बजे सम्म हुने बताईएको छ ।

जनजाति महासंघ जापानद्वारा संयुक्त ल्होसार साँझको हिसाब सार्बजनिक

❑ नेस संवाददाता

टोकियो – नेपाल आदिवासी जनजाति महासंघ जापानले गत फेब्रुअरी महिनामा आयोजना गरेको प्रथम संयुक्त ल्होसार साँझ कार्यक्रमको आय ब्यय हिसाब सार्बजनिक गरेको छ ।

उक्त कार्यक्रमबाट कुल २४ लाख १९ हजार सात सय ६९ येन बचत रहेको महासंघका कोषाध्यक्ष सोममाया गुरूङले नेपाली समाचारलाई जानकारी दिनुभयो ।

गत आइतवार सम्पन्न महासंघको बैठकले संयुक्त ल्होसारको आम्दानी खर्च सार्वजनिक गरेको हो । जसअनुसार सो कार्यक्रमबाट कुल ४५ लाख ४७ हजार येन आम्दानी भएको र २१ लाख २७ हजार ९ सय ३१ खर्च कटाई २४ लाख १९ हजार सात सय ६९ बचत रहेको महासंघले जनाएको हो ।

उक्त रकम भूकम्पबाट प्रभावित बालबालिकाहरूको शिक्षामा खर्च गरिने बताईएको छ । यसबाहेक इ-लाईब्रेरीको स्थापना गर्ने, भूकम्पबाट प्रभावित विद्यालय भवनको जस्तापाता आदीका लागि ५ लाख रूपैंया खर्च गरिने बताईएको छ । यसैगरी महासंघले नेपाल आदिवासी जनजाति पत्रकार महासंघ केन्द्रको भेलालाई ५० हजार रूपैंया सहयोग गरेको छ ।

मिलन लामा, प्रताप लामा, विष्णु चेम्जोङ लिम्बू, कोपिला गुरूङ लगायतका कलाकारहरु जापान आमन्त्रण गरी संयुक्त ल्होसार साँझ कार्यक्रमको आयोजना गरिएको थियो ।

महासंघले ढिलै भए पनि संयुक्त ल्होसार कार्यक्रमको हिसाब सार्बजनिक गरेको हो । उसो त जापानमा बिभिन्न उद्देश्यले कार्यक्रम आयोजना गर्ने र कार्यक्रम सकिएपछि लक्ष्यअनुसार काम भए-नभएको एवं आय-व्ययको हिसाबकिताब सार्बजनिक गर्ने नगरिएको पाईन्छ । यसतर्फ सम्बन्धित सबैको ध्यान जानुपर्ने आवाज उठ्न थालेका छन् ।

अमेरिकी भिसा प्रक्रियामा परिवर्तन

❑ नेस संवाददाता

काठमाडौं – नेपालस्थित अमेरिकी दूतावासले पर्यटक तथा विद्यार्थी भिसा प्रक्रियामा परिवर्तन गरेको छ । भिसाको झण्झटिलो कागजी प्रक्रिया घटाउने उद्देश्यले भिसाको लागि अन्तर्वार्तामा उपस्थित हुँदा बैंक मौज्दात विवरण, जग्गासम्बन्धी कागजात, निमन्त्रणापत्र आवश्यक नपर्ने दूतावासले जनाएको छ ।

आउँदो जेठ १९ गतेदेखि लागू हुने यो व्यवस्थाअनुसार आवेदन दिने व्यक्तिले राहदानी, पुरानो राहदानी, कन्फर्मेशन पेज, आवेदन शुल्क भुक्तानी रसिद, फोटो, आई ट्वान्टी र ट्रान्सक्रिप्ट भए पुग्ने दूतावासले जनाएको छ ।

यसबाहेकका कागजात ल्याएमा सुरक्षा एकाइमा छोड्न लगाइने दूतावासले जानकारी दिएको छ । अनावश्यक कागजातका लागि हुने समय तथा पैसाको खर्च र गोप्य सूचनाको चोरीबाट बचाउनका लागि प्रक्रिया परिवर्तन गरेको दूतावासले जनाएको छ ।

नेपालीहरूको आकर्षक गन्तब्य मुलुक मानिने अमेरिका जानका लागि नेपालीहरु मरिहत्ते गर्ने गर्दछन् । झण्झटिलो भिसा प्रक्रियाकै कारण कतिपयले अमेरिका जाने रहरलाई पालेरै बसेका हुन सक्छन् । परिवर्तित प्रक्रियाले पहिलेको तुलनामा सेवाग्राहीलाई धेरै सहज हुने भएको छ ।

विद्यार्थीले पनि प्रम निवास घेराउ गर्ने

❑ नेस संवाददाता

काठमाडौं – सरकारले कालोबजारी र शैक्षिक माफियालाई संरक्षण गरेको आरोप लगाउँदै आन्दोलनको कार्यक्रम सुरू गरेको नेपाल विद्यार्थी संघले प्रधानमन्त्री निवास बालुवाटार घेराऊ गर्ने भएको छ । कालोबजारी, महँगी र शैक्षिक माफियालाई नियन्त्रण गर्न सरकारले चासो नदिएको भन्दै उनीहरूले राजधानी काठमाडौंमा ऱ्यालीको समेत आयोजना गरेका थिए । नेवि संघका प्रवक्ता युपी लामिछानेले यही जेठ १० गते बिहान ८ बजे एलपी ग्यासको खाली सिलिण्डर, खाली जार र भाँडाकुँडासहित प्रधानमन्त्री निवास वालुवाटार अगाडि प्रदर्शन गर्ने निर्णय भएको नेपाली समाचारलाई जानकारी दिनुभयो ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

नेपाली राजदूतावास टोकियो फोनः	०३-३७१३-६२४१/४२
फ्याक्सः	०३-३७१९-०७३७
टोकियो क्षेत्रिय अध्यागमन ब्यूरो सिनागावा	०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपूछ	१०४
प्रहरी	११०
एम्बुलेन्स र दमकल	११९

सस्तो, छिटो, विश्वासिलो, राम्रो रेटमा
विना झन्झटिलो माध्यमबाट नेपाल पैसा पठाउनको लागि
RupeeSend
The No.1 Remittance Service for Nepal
हाम्रो सरल र विश्वसनीय सेवा जापानभरी उपलब्ध छ ।
समाजसेवाको साथै परिवारको भविष्य पनि
परिवारलाई पठाएको रकमले सामाजिक कार्य पनि हुने एक मात्र स्थान रुपिसेंट रेमिटेन्स सदैब रोज्ने गरौं ।
तपाईहरूसँग लिएको शुल्कको केहि प्रतिशतबाट टुहुरा बालबालिकालाई साक्षरता प्रदान गर्नेछौं ।
हाम्रा विशेषताहरु
सरल : एक पटक सदस्य भएपछि आजिवन प्रयोग गर्न सकिने ।
सस्तो : सेवा शुल्क, अन्यन्त सस्त र पहिलोचोटी सित्तैमा पैसा पठाउन सकिने ।
सुलभ : जापान र नेपालको जुनसुकै ठाउँबाट पनि पैसा जम्मा वा लिन सकिने ।
शिघ्र : जापानबाट रकम जम्मा गरेको केही समयमा नै पैसा नेपालमा प्राप्त गर्न सकिने ।
बिश्वसनिय : जापान सरकारद्वारा मान्यता प्राप्त ००१८ नं. मा दर्ता भएको ।
RUPEESEND REMITANCE
株式会社シースクエア
〒160-0022
東京都新宿区新宿1-36-7, 新宿内野ビルII2階
Tel : 03-3359-0071 Fax: 03-3359-0029
E-mail : info@rupeesend.com
C-Square
नेपाली भाषामा विस्तृत जानकारीको लागि 080-4850-0071 (Softbank)
दरभाउ बुझ्नको लागी 080-3607-7744
Web: http://www.rupeesend.com

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।
सेवाहरु (Services)
❖ भिषा नविकरण — लाग्ने खर्च : 9,800円
❖ स्थायी भिषा (एईज्यु) — लाग्ने खर्च : 35,000円
❖ भिषाको प्रकृति परिवर्तन — लाग्ने खर्च : 35,000円
❖ नयाँ भिषा सम्बन्धि काम — लाग्ने खर्च : 50,000円
❖ कम्पनी स्थापना — लाग्ने खर्च :आपसी सहमतीमा तय गरिने

Hironari Kobayashi
Immigration Lawyer
नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने ।
Contact for Details:
Tel : 03-6279-3353
Fax : 03-6908-5805
Mobile : 080-4186-2102 (Softbank)
Shinokubo Lions Mansion 409, 2-4-5
Hyakunincho, Shinjuku-ku,Tokyo, Japan
फोन गर्ने समय बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म ।

सुपथ मूल्यमा ल्यापटप कम्प्यूटर तपाईको घरदैलोमा

Macbook Pro — 50,000円
CPU: Core 2 Duo
Size: 13.3"
HDD: 250GB
RAM: 4GB
DVD Drive: Super Drive
Web Cam/Wifi: OK
OS: Mac OS

Toshiba — 50,000円
CPU: Intel Core i3 2.3
Size: 15.6"
HDD: 750GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Sony — 35,000円
CPU: Intel Core 2 Duo
Size: 15.6"
HDD: 320GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: Yes
OS: Win 7 64Bit

Sony — 27,000円
CPU: Intel Cel 1.73
Size: 14.1"
HDD: 250GB
RAM: 2GB
DVD Drive: Super Drive
Web Cam/Wifi: OK
OS: Win 7

Fujitsu — 25,000円
CPU: Intel Core 2 Duo
Size: 14.1"
HDD: 320GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Lenovo — 35,000円
CPU: AMD Dual Core 2.0
Size: 15.6"
HDD: 320GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

HP — 45,000円
CPU: AMD A8 Dual Core
Size: 15.6"
HDD: 1000GB
RAM: 8GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 8 64Bit

Dell — 75,000円
CPU: Intel Core i7 1.7
Size: 17.3"
HDD: 750GB
RAM: 16GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Macbook Air — 83,000円
CPU: Intel Core i5 1.8
Size: 13.3"
SSD: 128GB
RAM: 4GB
DVD Drive: NO
Web Cam/Wifi: OK
OS: Mac OS

Acer — 25,000円
CPU: Intel Core 2 Duo
Size: 14"
HDD: 320GB
RAM: 2GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7

Asus — 45,000円
CPU: Intel Cel Dual Core
Size: 15.6"
HDD: 500GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: Yes
OS: Win 8.1 64Bit

Asus — 32,000円
CPU: Intel Cel Dual Core
Size: 15.6"
HDD: 400GB
RAM: 4GB
DVD Drive: Super Drive
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Acer — 15,000円
CPU: AMD Dual Core
Size: 11"
HDD: 320GB
RAM: 2GB
DVD Drive: No
Web Cam/Wifi: OK
OS: Win 7 64Bit *Japanese

Sony Desktop — 25,000円
CPU: Core 2 Duo
Size: 23.6"
HDD: 500GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Computer Memory — 3,000円
Company: Dell
RAM: 2GB/2GB=4GB
कम्प्यूटर मर्मतको लागि पनि हामीलाई सम्झनुहोस् ।

Note Book — 17,000円
CPU: Intel atom Core duo
Size: 10.1"
HDD: 250GB
RAM: 1GB
DVD Drive: No
Web Cam/Wifi: OK
OS: Win 7

GMT International Co. Ltd. सम्पर्कः 080-4150-5314 (SB)
डिपोजिटका लागिः 10120-51602201 (हुलाक खाता)

सच्चा कम्युनिष्ट...

पार्टी एकतासँगै ६९९ सदस्यीय महाधिवेशन आयोजक समिति गठन भएको छ । अब सो समितिको बैठकले जनसभा, भेला तथा संगठन विस्तारजस्ता मुख्य कामहरु सुरु गर्नेछ ।

पार्टी भित्र नेतृत्व परिवर्तनको बहस भइरहँदा अध्यक्ष चाहिँ फेरि प्रचण्डलाई नै बनाउनुभयो नि ?

अहिलेको परिस्थितिलाई हेरेर उहाँकै नेतृत्वमा पार्टी एक गराउने भन्ने हो र सोही अनुरूप फेरि अध्यक्षको रूपमा हामीले सर्वसम्मत प्रचण्डलाई चुनेका हौं । किरण बैद्य पनि एकताको लागि आउनुभएको भए उहाँलाई नै अध्यक्ष बनाउने भन्नेसम्मको कुरो थियो । उहाँ एकता मै नआउने भएपछि यो विषय यसरी टुंगिएको हो ।

फुटेर गएको पार्टीको नेतृत्व गरिरहनु भएको बैद्यले एकता भएको पार्टीको अध्यक्ष चाहिँ किन बन्न चाहनुभएन । उहाँको प्रचण्डसँग दुश्मनी हो ?

बैचारिक र सैद्धान्तिक प्रश्न हेर्दा उहाँले राखेका सर्तहरुमा हाम्रो पनि सहमती नै हो । राजनीतिक मुद्दामा विमती नभएपछि पार्टी एकतामा अड्कन नपर्ने हो । तर, यी विषयमा सहमती हुँदाहुँदै पनि बैद्य एकतामा नआउनु र आउन नचाहनुमा चाहिँ सम्भवतः त्यस्तै कारण हुन सक्छ ।

पार्टीले नै कारबाही गरेको बैद्य समूह अब कुनै दिन फेरि एकतामा आउने सम्भावना रहन्छ कि रहँदैन ?

अन्तिम समयसम्म प्रयास गरेकै हो । विभिन्न खालका छलफल र बहस हुँदा पनि अहिलेको प्रक्रियामा उहाँलाई एकताको डोरी भित्र ल्याउन सकिएन । बहुमत साथीहरूले प्रयास गर्दा पनि नआउनु भएपछि वर्तमान अवस्थामा उहाँ बाहिर नै रहनुभयो । तर, यसैलाई बैद्यसँगको सम्बन्ध वा एकताको अन्त्य भयो भनेर चाहिँ बुझ्न भएन । प्रयास कालान्तरसम्म जारी रहन्छ ।

एकताको नाममा कसैलाई कारबाही गरेर वा फेरि पार्टी फुटाएर आउनुभयो हैन ? अलि मजाक गरे जस्तो देखिएन ?

जनवादी केन्द्रियताको सिद्धान्त अनुसार बहुमतीय प्रक्रियामा नै पार्टी चल्ने हो । यहाँ पनि बहुमत केन्द्रिय सदस्यहरूले गरेको निर्णयलाई कार्यान्वयन गरिएको अवस्था छ । अल्पमतको अधिनमा बहुमत रहने भन्ने त कुरै भएन । अल्पमतका साथीहरूले बहुमतको निर्णय मान्नपर्नेमा उहाँहरु अल्पमत मै विभाजित भएर बस्नुभयो । अझैपनि जो एकतामा आउनुभएन उहाँहरूबीचमा पनि बहुमतको संख्या सोलोडोलो एकतामै जाउँ भन्नेमा देखिन्छन् । त्यसैले, बहुमतले पार्टी फुटाएर एकता गऱ्यो भन्ने हुँदैन । आशा छ, उहाँहरु पनि कुनै दिन फेरि एकता मै आउनुहुने छ ।

तपाईंहरूले यता एकताको घोषणा गरिरहँदा उता नयाँ शक्ति जन्मिरहेको छ । एकताका लागि डा. बाबुराम भट्टराईसँग चाहिँ तपाईंहरूको छलफल भयो कि भएन ?

उहाँसँग दैनिक आइपर्ने समस्या र एजेण्डामा सहकार्य हुने भन्ने एउटा कुरा रह्यो । तर, पार्टीको नीतिको हिसाबमा त विचारमा नै भिन्नता भयो नि । विचारको हिसाबले उहाँ मार्क्सवाद, लेनिनवाद, माओवाद नै नमान्ने । कम्युनिष्ट आन्दोलन नै नमान्ने । उहाँसँग यसरी आधारभूत कुरामा नै फरक भएपछि वार्ता, छलफल र पार्टी एकताको गुञ्जयास त रहने नै भएन ।

भनेपछि डा. भट्टराईसँग कुनै समयमा पार्टी एकता हुन सक्ला भन्ने झिनो आशा पनि रहेन ?

उहाँले कम्युनिष्ट आन्दोलनलाई अंगिकार गर्नुभयो भने वा मालेमावादलाई अनुसरण गर्नुभयो भने असम्भव भन्ने त केही पनि छैन । तर, मालेमावाद र कम्युनिष्ट आन्दोलनलाई छाडेर पार्टी एकता त कसरी सम्भव हुन्छ ? त्यसो हो भने त काँग्रेससँग एकता गरेपनि भयो नि, अझ नामधारी त एमाले पनि छँदैछ । एमाले त नामधारी मात्र हो, कुनै कम्युनिष्ट होइन अर्थात क्रान्तिकारी होइन भनिराखेको अवस्थामा कम्युनिष्ट पार्टी र सिद्धान्त नै छाडिसकेको व्यक्तिसँगको सन्दर्भमा एकताको हिसाबकिताब हुने कुरै भएन ।

पार्टी एकताको घोषणासँगै तपाईंहरूले एक वर्ष भित्रमा महाधिवेशन गर्ने भन्ने सहमति गर्नुभयो । अब हुने महाधिवेशनले चाहिँ नेतृत्व परिवर्तन गर्ने हो ?

नेतृत्व परिवर्तनका विषयमा हामी बीच कुनै कुरो भएको छैन । अहिले त टुटफुट भएका पार्टीलाई कसरी एकता गराउने र विजयीको बाटोमा कसरी अघि बढ्ने भन्ने विषयमा मात्र केन्द्रित छौं । महाधिवेशनले के तय गर्छ, त्यहीवेलामा मात्र सोच्ने कुरा हो । अहिले महाधिवेशनको अनुमान गरेर टिप्पणी गर्नुको कुनै अर्थ छैन जस्तो लाग्छ ।

एक ढिक्कामा रहेको पार्टी फुट्दा फुट्दा दर्जन हाराहारीमा पुगेर फेरि एकताको घोषणा गरिएको छ । अब फेरि पार्टी सहज रूपमा अगाडि बढ्नेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?

अब यो विचारमा नै भर पर्ने कुरा हो । जबसम्म मालेमावादलाई अंगिकार गरिरहन्छ, क्रान्तिको बाटोलाई अनुसरण गरिरहन्छ, राष्ट्रिय स्वाधिनता, जनजीविका, जनतन्त्रलगायतका मुद्दाहरूलाई निरन्तर रूपमा उठाईरहन्छ र जबसम्म त्यो मुद्दा सम्बोधन हुँदैन, तबसम्म पार्टीको एकताको प्रक्रिया चलिरहन्छ । विचारमा भिन्नता भएन भने पार्टी सहज रूपमा चल्न कुनै गाह्रो छैन ।

सरकारमा रहेका दललाई कमजोर बनाउने र सरकार ढाल्नेसम्मको खेल भइरहेको अवस्थामा तपाईंहरूको एकताले सरकार अझ बलियो भयो भन्न मिल्छ ?

सरकारको विषयमा अहिले हाम्रो कुरो भएको छैन । सरकारको विषयमा पार्टीमा छलफल भएपछि टुंगो लाग्ने कुरा हो । भर्खरै मात्र पार्टी एकता भएकोले यो विषयमा कुरा हुन बाँकी नै छ । सरकारको विषय, राजनीतिक विषय तथा सरकारको नीतिगत योजनाका विषयमा अहिले कसैसँग पनि कुनै छलफल भएको छैन । केही समयपछि हुनेछ ।

अब अलि फरक प्रसंग, यतिखेर संघीय गठबन्धनको नाममा देशमा आन्दोलन चलिरहेको छ । संविधान जारी भएदेखि सुरू भएको आन्दोलन अझैसम्म कुनै न कुनै हिसाबले जारी छ । यसको निकास के र कसरी देख्नुहुन्छ ?

मधेस/जनजातीहरूको आन्दोलनले उठाएका मुद्दाहरु सही छन् । त्यसैले, सही मुद्दालाई संवाद र सहमतिको आधारबाट टुङ्ग्याउनु पर्छ भन्ने मेरो मान्यता हो । योसँगै मधेसी नेतृत्वका कतिपय नेताहरूले आन्दोलन गर्दै जाँदा दिल्लीदरबार र लैनचौरमा रहेको राजदूतावास धाउने जो प्रवृत्ति देखिएको छ । यो प्रवृत्तिको बिरोध गर्दै आन्दोलनले उठान गरेका मागहरु सम्बोधन गर्नुपर्छ भन्ने पक्षमा म छु ।

यस्तो खालको संवाद र सहमति हुनसक्ने सम्भावना देखिन्छ कि देखिदैन ?

एउटै देशको नेता/नागरिकबीच संवाद र सहमति हुन नसक्ने भन्ने कुरै छैन । कि त उहाँहरूले हाम्रो देश, भेष नै फरक हो भनेर आन्दोलन गर्नुपऱ्यो । होइन भने लैनचौर दूतावास र दिल्ली दरबार धाउन छाड्ने हो भने सहमति र संवाद सिंहदरबार नजिकै आईसकेको छ ।

अहिले देशको मुख्य मुद्दा र एजेण्डा भनेको पुनर्निर्माण हो । यसमा तपाईंहरूको भूमिका चाहिँ के रहन्छ ?

पुनर्निर्माणको काम जुन ढंगले अघि बढ्नुपर्ने थियो, त्यो भएन र अहिलेको काम गराईको हिसाबले नेपाललाई हैटी बनाउने दिशा तर्फ जाने हो कि भन्ने लाग्छ । यसका साथै, अब त विदेशीहरूको क्रिडास्थल चाहिँ नेपाल बन्ने हो कि भन्ने डर पनि छ । त्यसैले यसलाई रोकेर आफै आत्मनिर्भर र आत्मस्वाभिमानी बनेर पुनर्निर्माणको कामलाई अगाडि बढाउनुपर्छ भन्ने मान्यता हो ।

अन्तमाः माओवादीमा देखिएको एकताको अभियानले देशवासीमा नै एक खालको उमंग देखिएको छ । उहाँहरूलाई के भन्न चाहनुहुन्छ ?

माओवादीमा देखिएको विघटन र विसर्जनका कारण मुलुक नै एकखाले प्रतिगामी दिशामा अगाडि बढेको देखिन्छ । यसको प्रत्यक्ष असर राष्ट्रिय स्वाधिनता र अस्मिता नै खण्डित भएर जाने हो कि भन्ने डर थियो । त्यसैले, राष्ट्रिय स्वाधिनताको रक्षाका लागि सच्चा कम्युनिष्टहरु एकढिक्का हुन जरूरी छ । यसरी, मुलुकको सार्वभौमसत्ताको रक्षा गर्न सकियो भने राजनीतिक दलहरूको अर्थ र औचित्य रहन्छ । त्यसैले, अहिलेको मुख्य कार्यभार भनेको राष्ट्रको अस्तित्व जोगाउनु हो, त्यसको लागि पहिलो कार्यभार भनेकै कम्युनिष्टहरु एक हुनु थियो । यो यात्राको शुभारम्भ भएको छ, यसमा सबैको साथ सहयोग रहने छ भन्ने अपेक्षा गरेको छु ।

ネパール語と日本語を学びましょう - 131
(नेपाली र जापानी भाषा सिकौं)

日本語の文章 (जापानी शब्द)	日本語の発音 (जापानी उच्चारण)	ネパール語の発音 (नेपाली उच्चारण)	
科目	खामोकु	बिषय	ビサヤ
英語	एइगो	अंग्रेजी	アングレジ
数学	सुगाकु	गणित	ガニタ
理科学	रिखागाकु	बिज्ञान	ビギャン
社会学	स्याखाइगाकु	सामाजिक	サマジク
地理学	चिरिगाकु	भूगोल	ブゴル
化学	खागाकु	रसायन शास्त्र	ラサヤン・サストラ
物理学	बुचुरिगाकु	भौतिक शास्त्र	バウティク・サストラ
生物学	सेइबुचुगाकु	जिब बिज्ञान	ジーブ・ビギャン
心理学	सिनरिगाकु	मनोविज्ञान	マノビギャン
人文科学	जिनबुनगाकु	मानविकी	マナビキ
人間学	निनगेनगाकु	मानब शास्त्र	マナブ・サストラ
経済学	केइजाइगाकु	अर्थशास्त्र	アルタサストラ
経営学	केइएइगाकु	ब्यवस्थापन	ビャワスタン
教育学	क्योइकुगाकु	शिक्षा शास्त्र	シクチャ・サストラ
法学	होउगकु	कानुन शास्त्र	カヌン・サストラ
統計学	तोउकेइगाकु	तथ्यांक शास्त्र	タッテャンカ・サストラ

संघीय गठबन्धनले...

त्यस्तै, गठबन्धनले संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाको आयोजनामा १६ गते वीरगन्जमा र १७ गते पोखरामा तमुवान सघर्ष समितिको आयोजनामा जनप्रदर्शन गर्ने कार्यक्रम पनि सार्वजनिक गरेको छ ।

राजधानी केन्द्रित आन्दोलनका क्रममा २ दिन सिंहदरबार र एक दिन प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार घेराउ गरेको गठबन्धनले बुधबार शान्तिबाटिकामा कोणसभाको आयोजना गरेको थियो ।

संविधान जारी भएलगत्तै त्यसमा भएको प्रदेश सीमांकनप्रति असन्तुष्टि जनाउँदै तराई मधेसमा आन्दोलन गर्दै आएको गठबन्धनले सत्ता पक्षलाई थप दबाब दिन भन्दै जेठ १ गतेदेखि राजधानी केन्द्रीत आन्दोलन सुरु गरेको हो । यसअघि झण्डै ५ महिनासम्म नेपाल भारत सीमा नाका केन्द्रित गरेर नाकामा धर्ना दिएको मोर्चाले नाका बन्दी गरेर सरकारलाई कुनै प्रभाब नपरेको उल्टै जनताले दुःख पाएको भन्दै पछिल्लो समय राजधानी केन्द्रित आन्दोलन गर्ने जनाउँदै आएको छ । मोर्चाको नाका केन्द्रित आन्दोलनले नेपालीहरूको जनजीवन नराम्ररी प्रभावित भएको थियो । मोर्चाको नाका केन्द्रित आन्दोलन सकिएर नाका खुलेपनि अझै खाना पकाउने एलपी ग्यास लगायतका अत्यावश्यक सामग्री सहज भईसकेको छैन । मधेश आन्दोलनका क्रममा ६१ जनाको मृत्यु भएको थियो भने २ हजार घाईते भएका थिए ।

यस्तै १ सय ५० जना अपाङंगता भएको तराई मधेश सद्भावना पार्टीका अध्यक्ष महेन्द्र राय यादवले जानकारी दिनुभयो । संघीय गठबन्धनले आन्तरिक छलफल नगरी राजधानी केन्द्रित आन्दोलन सुरू गरेको भन्दै मोर्चाभित्रका तीन साना दलले असहमति जनाएका छन् ।

जापानले अब...

जापान सरकारले चिनिया नागरिकहरूको भिसाको बारेमा पछिल्लो २ महिना भित्रमा बिभिन्न निर्णयहरु गरेको छ । जसमध्ये मल्टिपल भिसाको लागि इलिजिबिलिटी प्रक्रिया सहज गर्ने, मल्टिपल भिसाको अवधीलाई ५ बर्षबाट बढाएर १० बर्ष गर्ने, भिसा आवेदन प्रक्रियामा सहज गर्ने आदि रहेका छन । उक्त योजना आगामी गृष्मबाट नै लागु गर्ने तयारी रहेको बताईएको छ । सरकारले रसियनहरूको लागि पनि ३ बर्षबाट ५ बर्षको भिसा लिन सहज बनाएको बताईएको छ । यस्तै गरी इण्डियन बिद्यार्थीहरूको लागि पनि भिसा आवेदन प्रक्रिया सजिलो गर्ने जापान सरकारको योजना रहेको समाचारमा जनाईएको छ ।

जापान तथा नेपालमा चल्ने iphone 5, 4S (Sim Free), विभिन्न किसिमका Smart Phone हरु सुपथ मूल्यमा उपलब्ध

i-Phone 4S i-Phone 5 Samsung Galaxy S3 Alpha F-3D (Girls) Dell Streak Pro

दुबै साईडमा क्यमेरा भएको मोबाईल फोनहरू मात्र १५,000 येन ।

खसी कुखुराको मासु, मरमसला, अचार, दाल-गेडागुडी, फोन कार्डका लागि हामीलाई सम्झनुहोस् ।

Barahi Foods & Spice Center
नेपाली पसल (हलाल फुड)

Tel. 090-6094-9954 (Soft Bank), 03-3363-1145, Fax. 03-5386-8797
(टोकियो स्थित जेआर सिनओकुबो स्टेशनबाट ३० सेकेन्ड मात्र)

साइतामामा कामदारको आवश्यकता

1,250/H +25% Extra Time

50% Extra Time At Night

Speaking Japanese Not Necessary

आवास र यातायात सुविधा स्थानियलाई मात्र उपलव्ध हुनेछ ।

विस्तृत जानकारीका लागि
090-6007-4511 (Mr. GURUNG)
080-1259-0903 (KANAYAMA)

PROFIT SERVICE
supporting mind

'शुभयात्रा' एप सार्वजनिक

❑ नेस संवाददाता

काठमाडौं – सुरक्षित वैदेशिक रोजगारीबारे जानकारी दिने 'शुभयात्रा' मोबाइल एप सार्वजनिक गरिएको छ । गैर आवासीय नेपाली संघ (एनआरएनए), द एसिया फाउन्डेसन र योङ इनोभेसन्सले निर्माण गरेको सो एपको श्रम तथा रोजगारमन्त्री दीपक बोहरा र संघका अध्यक्ष शेष घलेले सार्वजनिकीकरण गर्नुभएको हो । एन्ड्रोइड मोबाइलमा प्रयोग गर्न सकिने एपमा विदेशमा काम गर्ने कामदारलाई आवश्यक पर्ने जानकारीलाई सजिलै प्रयोग गर्न सकिने, श्रव्य, दृष्य, फेसबुक लिंक तथा लिखित सामग्री संलग्न छन् । वैदेशिक रोजगारीमा जान लागेका कामदारलाई विदेशको यात्रा, कामको अवधि सुरक्षित बनाउन सहयोग गर्ने सामग्रीसमेत एपमा छन् ।

जापानमा विदेशी विद्यार्थीको संख्यामा वृद्धि

२०20 सम्म ३ लाख पुऱ्याउने लक्ष्य

❑ नेस संवाददाता

टोकियो – जापानमा बिदेशी बिद्यार्थीहरूको संख्यामा बृद्धि भईरहेको समाचारहरु आइरहँदा त्यस सम्बन्धी पछिल्लो तथ्याङ्क हालै सार्बजनिक गरिएको छ । जापान सरकार अन्तर्गतको संस्था जापान बिद्यार्थी सहयोग संगठन (जास्सो) ले सन् २०१५ को बिदेशी बिद्यार्थीहरूको संख्यामा आधारित सो तथ्याङ्क सार्बजनिक गरेको हो ।

सार्बजनिक गरिएको तथ्याङ्क अनुसार जापानमा अध्ययनरत बिदेशी बिद्यार्थीहरूको संख्या २ लाख ८ हजार ३ सय ७९ जना रही पहिलो पटक २ लाख नाघेको छ । जापान सरकारले सन् २०२० को टोकियो ओलम्पिक सम्ममा बिदेशी बिद्यार्थीहरूको संख्या ३ लाख पुऱ्याउने लक्ष्य राखेको भएपनि उक्त लक्ष्य पुग्न गाह्रो देखिएको पनि सो संगठनले अनुमान लगाएको छ ।

सन् २०१५ शैक्षिक सत्रमा जापानमा अध्ययनरत बिद्यार्थीहरूको संख्या अघिल्लो बर्षको तुलनामा १३.२ प्रतिशतले बृद्धि भएको छ । जापानमा अध्ययनरत बिदेशी बिद्यार्थीहरु मध्ये सेन्मोन गाक्को तथा स्नातक भन्दा माथिका तहमा १ लाख ५२ हजार ६२ जना छन भने जापानी

भाषा स्कुलमा अध्ययनरत बिद्यार्थीहरु ५६ हजार ३१७ जना रहेको तथ्याङ्कमा उल्लेख छ ।

बिदेशी बिद्यार्थीहरूको नागरिकताको आधारमा हेर्ने हो भने सबैभन्दा बढि चिनिया – ४५ दशमलव २ प्रतिशत रहेको छ । त्यसैगरी, भियतनामी – १८ दशमलव ७ प्रतिशत, नेपाली – ७ दशमलव ८ प्रतिशत, कोरियन –७ दशमलव ३ प्रतिशत, ताइवानी – ३ दशमलव ५ प्रतिशत, ईण्डोनेशियन र थाई –१ दशमलव ७ प्रतिशत, म्यानमार – १ दशमलव ३ प्रतिशत आदि छन् । बिदेशी बिद्यार्थीहरूमा एशियालीको संख्या अत्यधिक – ९२ दशमलव ७ प्रतिशत रहेको छ ।

अघिल्लो बर्षको तुलनामा चिनियाँ र कोरियन बिद्यार्थीहरु केहि घटेका छन भने नेपाली –५५ दशमलव ५ प्रतिशत, भियतनामी – ४७ दशमलव १ प्रतिशत, म्यानमार – ४२ दशमलव ४ प्रतिशत बृद्धि भएको तथ्याङ्कमा उल्लेख छ । आगामी बर्षहरूमा पनि एशियाली बिकासोन्मुख राष्ट्रहरूबाट जापान आउने बिद्यार्थीहरूको संख्या बृद्धि हुने अनुमान गरिएको छ ।

जापानी भाषा स्कुलका ४४ विदेशी विद्यार्थीलाई क्षयरोग

❑ नेस संवाददाता

टोकियो – जापानको सबैभन्दा ब्यस्त र केन्द्रमा पर्ने सिन्जुकु सिटीमा रहेका जापानी भाषा स्कुलमा अध्ययनरत ४४ भन्दा बढि बिदेशी बिद्यार्थीहरूलाई क्षयरोग अर्थात टिबीको संक्रमण रहेको मंगलबार टोकियो महानगरपालिकाले सार्बजनिक गरेको छ । उक्त रोगका किटाणु बिदेशबाट सरूवा रोगको रूपमा भित्रिएको पनि महानगर स्रोतले जानकारी गराएको स्थानीय सञ्चार माध्यमहरूमा प्रकाशित गरिएको छ । भाषा स्कुलमा अध्ययनरत छात्र, छात्रा तथा केहि शिक्षक–शिक्षिकामा पनि सो रोग देखापरेको छ । सो मध्ये १० जनालाई भने भर्खरै सुरू भएको अवस्थामा पत्ता लागेको हो । स्रोतका अनुसार गत नोभेम्बर महिनामा एक जापानी भाषा स्कुलमा पढ्ने बिदेशी बिद्यार्थीलाई नजिकको अस्पतालले क्षयरोग लागेको पत्ता लगाएर अस्पताल भर्ना गरेको थियो । सो बिद्यार्थीसंग बस्ने अर्का एक बिद्यार्थीलाई पनि पछि स्वास्थ्य परिक्षणको क्रममा क्षयरोग लागेको पत्ता लागेको हो । त्यसपछि एक अर्को गर्दै सोहि स्कुलका ४३ बिद्यार्थी तथा शिक्षक–शिक्षिकाहरूमा पनि सो रोग सरेको थाहा लागेको समाचारमा बताईएको छ । जसमध्ये, ९ जनालाई खोकी लागिरहने भएकोले अस्पतालको नियमित निगरानीमा उपचार भईरहेको छ ।

क्षयरोगको लक्षण भेटिएको एक ४० बर्ष उमेर समुहकी शिक्षिका बाहेक सबै बिदेशी बिद्यार्थी रहेको समाचारमा उल्लेख छ । सबैभन्दा पहिले उक्त रोग लागेको २० बर्ष उमेर समुहका बिद्यार्थी गत बर्षको अप्रिलमा जापान आएको बुझिएको छ । उनलाई सेप्टेम्बर महिनाबाट क्षयरोगको लक्षण देखिएको र किटाणुहरु बिदेशबाट भित्रिएको अनुमान गरिएको छ । सो रोग लाग्ने बिद्यार्थी तथा उनीहरूको स्कुलको नाम भने गोप्य राखिएको छ ।

स्थानीय निकायको निर्वाचन मंसिरमै : थापा

❑ नेस संवाददाता

काठमाडौं – उपप्रधान तथा स्थानीय विकासमन्त्री कमल थापाले स्थानीय निकायको निर्वाचन मंसिरमा नै हुने बताउनुभएको छ ।

राप्रपा नेपालको केन्द्रीय कार्यालयमा पदाधिकारी तथा केन्द्रीयस्तरका नेतासँग आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा राप्रपा नेपालका अध्यक्ष समेत रहनुभएका थापाले स्थानीय निर्वाचन सम्बन्धमा कुनै पनि शंका नपाल्न आग्रह गर्नुभयो । उहाँले संविधान बमोजिम स्थानीय निर्वाचनको व्यवस्था भएको र सत्तारूढ दलका साथै अधिकांश दल निर्वाचनको पक्षमा रहेकाले सरकारले त्यसलाई प्राथमिकतामा राखेको बताउनुभयो । थापाले जनताको सेवालाई केन्द्रमा राखेर चुनावको तयारी गर्न कार्यकर्तालाई निर्देशन दिँदै पार्टीले सरकारमा रही देशको राष्ट्रियता बलियो बनाउन तथा जनताको पक्षमा कार्य गरेको चर्चा गर्नुभयो ।

20 जना कामदारको आवश्यकता

तरकारी, सलाद, फलफूल, बेन्तोउ, रामेन लगायत खाद्यपदार्थ उत्पादन कम्पनीहरुमा काम उपलब्ध छ ।

खानागावा केन

(सागामिहारा, हासीमोतो, हाचिओउजि, एविना माचिदा वरपर बस्नु हुने हरुको लागि)

दिवा सिफ्ट | घण्टाको 1000 येन

चिवा केन

(फुनावासी, चुदानुमा, खाचुतादाई वरपर बस्नुहुने हरुको लागि)

दिवा सिफ्ट | घण्टाको 900 येन

正社員(通訳・翻訳)も募集しています。

- ✔ धेरै जना नेपालीहरुले काम गर्दै हुनुहुन्छ ।
- ✔ हप्ताको २-३ दिनको काम पनि OK !
- ✔ स्टुडेन्ड, डिपेन्डेन्ट भिषा भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।
- ✔ एइज्यु, तेइज्यु भिषा भएकाले हप्तामा 5-6 दिन काम गर्न सक्नेछन् ।
- ✔ ठाउँ र अवस्था अनुसार यातायात खर्च उपलब्ध गराइनेछ ।
- ✔ कम्पनीसम्म बसको पनि व्यवस्था छ ।

आइचि केन

(नागोया एकीबाट ट्रेनमा 30-40 मिनेट लाग्ने ठाउँमा)

रात्री सिफ्ट | घण्टाको 1125 येन | दिवा सिफ्ट | घण्टाको 900 येन

टोकियो तथा साइतामा

(ताचिखावा, खावागोए वरपर बस्नुहुने हरुको लागि)

रात्री सिफ्ट | घण्टाको 1100 येन | दिवा सिफ्ट | घण्टाको 900 येन

सर्बप्रथम फोन गर्नुहोस्

जापानी भाषा नजान्नेका लागि नेपाली कर्मचारीहरुद्वारा सहयोग गर्ने व्यवस्था गरिएको छ ।

नोट : कृपया शरणार्थी आवेदन दिएकाहरुले सम्पर्क नगर्नुहोला ।

K LINE K·LINE GROUP
Homepage: www.k–linegroup.co.jp

सम्पर्क
निराजन : 080-5433-9651 रमिला : 070-2189-4244
शाह : 080-5872-6983 (Viber & Line also Avilable)
日本語の場合は佐藤まで 080-5872-6984
K-line Primeira

रूपा उद्घोषण र गायनमा क्यारियर बनाउँदै

❑ नेस संवाददाता

टोकियो - पिता ईन्द्रबहादुर घर्ती मगर र माता दिलकुमारी घर्ती मगरको कोखबाट गुल्मी हाडहाडे गाउँमा जन्मिएकी हुन् रूपा । सानैदेखि कार्यक्रम प्रस्तोता बन्ने रूपाको सपना २०६६ सालमा आएर तिनाउ एफएमले पुरा गरेको हो । लगत्तै २०६८ सालमा लुम्बिनी टेलिभिजनमा पनि आबद्ध भएपछि त झन आफ्नो क्यारियरलाई थप परिष्कृत गर्ने अवसर पाईन् उनले ।

गुल्मीबाट बुटवल झरेकी रूपाले आफुलाई कार्यक्रम प्रस्तोताकोरूपमा मात्र सीमित राखिनन् । २०७० देखि गायन यात्रामा प्रवेश गरेकी रूपाले करीब दर्जन जति गीतहरु गाईसकेकी छिन् । २०७२ मा लुम्बिनी उत्कृष्ट प्रस्तोताबाट सम्मानित भईसकेकी रूपालेभारतका बिभिन्न सहरमा समेत पुगेर आफ्नो कला प्रस्तुत गरिसकेकी छिन् ।

साँगीतिक यात्राकै क्रममा रूपा यही मे महिनाको पहिलो साता नेपाल मगर संघले नागोयामा आयोजना गरेको एक कार्यक्रमका लागि जापान आएकी थिईन् ।

गुल्मीमा जन्मिएर साधारण लाहुरे परिवारमा बुटवलमा हुर्केकी र पढेकी रूपाको अहिलेसम्म घात गर्ने साथी हुँदैन.., कम्मरै भाचम् कि.., फष्ट हुनेले.., लगायतका गीतहरु बजारमा आईसकेका छन् भने अर्को एउटा नयाँ सालैजो छिट्टै रिलिज हुने क्रममा छ ।

हालसालै स्नातक सकेर बसेकी रूपा अध्ययनलाई निरन्तरता दिने सोचाईमा छिन् । अरूलाई छिट्टै बिश्वास गर्ने आफ्नो सबैभन्दा ठूलो कमजोरी रहेको बताउने रूपाले दर्शक र स्रोताको चाहनाअनुसार नयाँ एवं स्तरिय गीतहरु सिर्जना गरी बिभिन्न मुलुकमा पुगेर आफ्नो कला र गला मार्फत प्रतिभा देखाउने योजना रहेको बताईन् ।

नेपाली कला र सँस्कृतिलाई बिकास र बिस्तार गर्न बिदेशमा रहनुहुने नेपालीहरूको अत्यन्त ठूलो हात रहेको बताउँदै गायिका रूपाले अगाडि भनिन् - जसले गर्दा हामी जस्तो भरखर बामे सर्दै गरेका कलाकारहरूलाई पनि बिदेशमा आएर आफ्नो प्रतिभा देखाउने अवसर पाएका छौं । आफ्ना भनाई राख्ने मौका दिनुभएकोमा जापानको नेपाली समुदायमा एक मात्र लोकप्रिय पत्रिका नेपाली समाचारप्रति आभारी छु ।

(दिलिप राना मगरको सहयोगमा तयार पारिएको)

Convenient flights from Japan to Kathmandu

With additional flight beginning march 28th,
you can now travel from Japan to Kathmandu via Seoul 3 times a week!

Korean Air Service Center (English Service 24hrs) Tel : 0088-21-2001(Nationwide/Free Call)
06-6264-3311(For cellular phone and certain IP phone in Japan)

Excellence in Flight
KOREAN AIR

कोरियन एयरबाट जापान-काठमाण्डौंको उडान यहि मार्च २८ देखी हप्ताको ३ दिन

- जापानका प्रमुख शहरहरुबाट सोही दिन ट्रान्जिट गरि काठमाण्डौंसम्म
- व्यागेज अर्थात सामान २३ किलोको २ वटा निशुल्क (ईकोनोमी क्लास)

कोरियन एयर सबैभन्दा छिटो पुग्ने
कोरियन एयर : ११ घण्टा ४० मिनेट, कम्पनी 'ए' : १५ घण्टा २० मिनेट, कम्पनी 'बी': १६ घण्टा २५ मिनेट (टोकियो देखिको उडानमा आधारित)

Korean Air Flight schedule (From 28 Mar. to 28 Oct.)

■Japan to Nepal (Mon., Tue., Fri.)

Japan		Seoul		Kathmandu
	Dep.	Arr.	Dep.	Arr.
Tokyo	9:25	11:50		
Osaka	9:30	11:20		
Nagoya	9:25	11:25	13:25 *3-28 Oct. 14:05	17:50
Fukuoka	10:30	11:55		
Sapporo	8:55	11:55		

■Nepal to Japan (Mon., Tue., Fri.)

Kathmandu	Seoul		Japan	
Dep.	Arr.	Dep.	Arr.	
		9:05	11:35	Tokyo
		9:35	11:20	Osaka
20:30	5:55+1	9:05	10:55	Nagoya
		8:00	9:20	Fukuoka
		10:10	12:55	Sapporo

*Flight schedule is subject to change without notice
*6 Jun.–20 Jun.: Monday only. 27 Jun.–1 Jul./5 Sep.–30 Sep.: Monday & Friday only

जरुरी सूचना ! Important Notice ! 重要なお知らせ !

2016年3月31日でサービス終了となりました」
カードの有効期限が2016年4月1日以後であれば、ご利用残額が残っている場合は
2016年4月12日～2016年9月30日までに払戻対応を行っております。
詳細はNTTコミュニケーションズのHP http://wpc0034.com をご参照ください。

NTT World Prepaid Cards was terminated last March 31, 2016. If you have unused cards or cards with remaining balance that will expire beyond April 1, 2016, we are refunding the card amount after April 12 to Septermber 30, 2016. For details on how to check the remaining balance and apply for refund, please check the website of NTT Communications:
http://wpc0034.com

कार्डको सेवा २०१६ मार्च ३१ गतेदेखि सकिएको छ ।
कार्डको म्याद २०१६ अप्रिल १ तारिखभन्दा पछिसम्म भई कार्डमा व्यालेन्स बाँकी भएका अथवा प्रयोग नै नगरेका ग्राहकहरुको लागि यही अप्रिल १२ तारिखदेखि सेप्टेम्बर ३० तारिखसम्म नगद फिर्ता दिन शुरु गरिएको जानकारी गराउँदछौं । नगद फिर्ता लिनको लागि NTT Communication को निम्न अनुसारको होमपेज प्रयोग गर्नुहुन अनुरोध गर्दछौं । http://wpc0034.com

WorldPrepaidCard ワールドプリペイドカード

International Phone Card
SAKURA Card 1110/3400

NTT Communications

Global ICT Partner
Innovative. Reliable. Seamless

SAKURA

- थप जानकारीका लागि एन.टि.टि. कम्यूनिकेशन एजेन्टलाई सम्पर्क गर्नुहोला ।
- For more information please call NTT Communications agents.
- お問い合わせはNTTコミュニケーションズ代理店へ。

KSI Kaneshiro International Co., Ltd.
金城インターナショナル株式会社

TEL.: 03-3232-7178
〒169-0072 Tokyo-to, Shinjuku-Ku, Okubo 3-10-1,
New Town Okubo 1F Email:info@ksijapan.com

Sunday closed.
AM 10:00
~
PM7:00